# लेखापरीक्षण प्रतिवेदन

## गल्याङ नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गल्याङ नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/146

श्रीमान् प्रमुखज्यू,

गल्याङ नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, गल्याङबजार, स्याङ्जा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/146

श्रीमान नगरप्रमूखज्यू,

गल्याङ नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, गल्याङबजार, स्याङ्जा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

**२.१.** महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

**२.२.** नगरपालिकाको रु.१ अर्ब ९० करोड ६६ लाख १२ हजारको लेखापरीक्षण गरिएकोमा रु.३ करोड २१ लाख ८७ हजार (१.६९ प्रतिशत) बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.२५ लाख ३४ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.८ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड ५५ लाख ७६ हजार र पेस्की बाँकी रु.३२ लाख २० हजार रहेको छ। गत वर्षसम्म रु.१५ करोड ६० लाख ४५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१७ करोड ७७ लाख २५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

**२.३.** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको

मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य** बेहोरा**-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ९१ | ३,२१,८७,५२४ | ० | ६ | २५,३४,२५७ | ० | ७६ | ८५ | २,९६,५३,२६७ | ८,०३,३३५ | १,००,५३,४२५ | १,५५,७६,१३१ | ० | ० | २,५६,२९,५५६ | ३२,२०,३७६ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | १,५६,०४,४५,८४ | | ७९,७३,०५२ | १४,८०,७१,५३२ | | २,९६,५३,२६७ | १७,७७,२४,७९९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०८१/८२ | स्कुटर खरिद:- | ६,४५,००० |
| २ | २०८१/८२ | सडक सरसफाई तथा स्तरोन्नती खर्च:- | ११,९६,८३१ |
| ३ | २०८१/८२ | लागत साझेदारीमा मिनीटिलर अनुदान:- | २,००,२१७ |
| ४ | २०८१/८२ | कुर्सी खरिद :- | ४,९२,२०९ |
| | | **यस वर्षको जम्मा** | **२५,३४,२५७** |
| ५ | २०८०/८१ | शिक्षा तर्फः | २,९४,०६० |
| ६ | २०८०/८१ | बीमाको बिल: | ३०,००० |
| ७ | २०८०/८१ | बाख्रा वितरणको बिल : | ४४,१५० |
| ८ | २०८०/८१ | धरौटी फिर्ता : | ८,१३,१०५ |

| | | | |
|---|---|---|---|
| ९ | २०८०/८१ | तह वृद्धि: | ४०,९४७ |
| १० | २०८०/८१ | झोला वितरण: | ५४,००० |
| ११ | २०८०/८१ | कच्चावारी तयार नगरी गत आ. व. को. भुक्तानी: | ५,०२,१९० |
| १२ | २०८०/८१ | अनुगमन भत्ताः | ६,११,००० |
| १३ | २०७९/८० | प्रशिक्षक भत्ताः | १,८३,६०० |
| १४ | २०७८/७९ | बिल भरपाई तथा कार्यसम्पन्न पेश गर्नुपर्ने | ५४,००,००० |
| | | **गतविगतको जम्मा** | **७९,७३,०५२** |
| | | **कुल जम्मा** | **१,०५,०७,३०९** |

# गल्याङ नगरपालिका, स्याङ्जा

# ( ८०४४३४०१३०० )

# गल्याङ नगरपालिका , स्याङ्जा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १२२.७१ वर्ग किलोमिटर तथा ३६९६७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०९ देखि २०८२।०५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१ अर्ब ९० करोड ६६ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१९९७४६/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | विद्यालयमा बढी निकासा भएको तलव असुल गरी दाखिला भएको । | १०५३९७ |
| २ | मृत्यू पश्चात सामाजिक सुरक्षा भत्ता भुक्तानी भएको रकम | ९४३४९ |
| | जम्मा | १९९७४६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ ।

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| सुरु मौज्दात | ६४७००५९३.६६ | | |
| १.संचित कोष | ३७२२६३३१.६८ | चालु खर्च | ४५४२६६९३२.९६ |
| २.धरौटी | १२८७५२९०.०० | १. पालिका तर्फ | ११७२१५०८२.६२ |
| ३.१ विविध खर्च खाता | १११३४१९३.९८ | २. संघीय सशर्त | ३३३६०३८५०.३४ |
| ३.२ प्रकोप व्यवस्थापन कोष | ३३६४७७८.०० | ३.संघीय विशेष | ०.०० |
| ४. अन्य कोष | १००००००.०० | ४.प्रदेश सशर्त | ३४४८०००.०० |
| | | पुँजीगत खर्च | २१८५१८२२६.०० |
| यस वर्षको आय | ६७१४९१३६९.३३ | १.पालिका तर्फ | १७८४१२३०९.०० |
| १.आन्तरिक आय | २३६७२०३८.२५ | २.संघीय सशर्त | १७२९२४३१.०० |
| 2.वित्तीय हस्तान्तरण-संघ | | ३. संघीय विशेष | १४४६८४८६.०० |
| क. समानीकरण | ११४२४१२००.०० | ४. संघीय समपुरक | ०.०० |
| ख. राजश्व बाँडफाँड | १३८७५११३१.०८ | ५.प्रदेश सशर्त | ३३४५०००.०० |
| ग. सशर्त अनुदान | ३७९८२७०००.०० | ६. प्रदेश विशेष | ०.०० |
| घ. समपुरक | ०.०० | ७. प्रदेश समपुरक | ५००००००.०० |
| ङ. विशेष | १५००००००.०० | अन्तर सरकारी | २३९७९८४५६.०० |
| | | क.सामाजिक सुरक्षा | २३६७९६४४६.०० |
| ३.वित्तीय हस्तान्तरण-प्रदेश | ४२५००२८९.१७ | ख.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७५००००.०० |
| क. समानीकरण | १६८७३०००.०० | ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५९२०१०.०० |
| ख. राजश्व बाँडफाँड | १३८३४२८९.१७ | घ.विद्यालय क्षेत्र सुधार योजना | ६६००००.०० |
| ग. सशर्त अनुदान | ६७९३०००.०० | | |
| घ. समपुरक | ५००००००.०० | धरौटी फिर्ता | १८५९१५७.५० |
| ङ. विशेष | ०.०० | विविध खर्च खाता | १४८०००.०० |
| | | प्रकोप व्यवस्थापन कोष | ३२६००८१.०० |
| ४.अन्तर सरकारी | २३९७९८४५६.०० | | |
| क.सामाजिक सुरक्षा | २३६७९६४४६.०० | अनुदान फिर्ता | |
| ख.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७५००००.०० | १.संघ तर्फ | २९४६२२३२.६६ |
| ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५९२०१०.०० | क. सशर्त अनुदान | २८९३०७१८.६६ |
| घ.विद्यालय क्षेत्र सुधार योजना | ६६००००.०० | ख. विशेष अनुदान | ५३१५१४.०० |
| | | | |
| ५.धरौटी आय | २९१२४९२.०० | अन्तिम मौज्दात | ७६६८६६१३.८७ |

| | | | |
|---|---|---|---|
| ७ विविध खर्च खाता | १५९६४९९.८३ | १. संचित कोषको मौज्दात | ४८९७०५९८.०६ |
| ८ प्रकोप व्यवस्थापन कोष | १००००००.०० | २. धरौटी | १३९२८६२५.०० |
| | | ३.१ विविध खर्च खाता | १२५८२६९३.८१ |
| | | ३.२ प्रकोष व्यवस्थापन कोष | ११०४६९७.०० |
| | | ४ अन्य कोष | १०००००.०० |
| | | | |
| जम्मा आयतर्फ | **१०२३९९९६९९.९९** | जम्मा व्ययतर्फ | **१०२३९९९६९९.९९** |

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय बिवरणमा समावेश नभएको कारोवार:**

स्थानीय सरकार सञ्चचालन ऐन, २०७४ को दफा ६९ मा प्रत्येक गाउँपालिका तथा नगरपालिकाको आफ्नो एउटा स्थानीय सञ्चित कोष रहने र संघ तथा प्रदेशबाट प्राप्त रकम र स्थानीय तहको आफ्नो आम्दानी उक्त सञ्चित कोषमामा समावेश गर्नुपर्ने ब्यबस्था छ । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०१/१६ को निर्णय अनुसार स्वीकृत भै प्रत्येक स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत नैं आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने ब्यबस्था गरे अनुसार यस पालिकाको आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । यस पालिकामा देहाय अनुसारका ४ शीर्षकहरुमा यो वर्ष संघीय सरकारबाट रु.२४६६४७०००/- बजेट प्राप्त भै रु.२३९७९८४५६/- खर्च भएकोमा सो कारोबार सूत्र प्रमाणलीमा समावेश हुने ब्यबस्था नभएका कारण संघीय सरकारी कार्यालयलहरुले आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्ने सरकारी लेखा प्रणाली (सिग्यास) मा नैं लेखाङ्कन तथा प्रतिवेदन गर्ने गरेको छ ।

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | २३९०३७००० | २३६७९६४४६ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २७५१००० | १५९२०१० |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८८६००० | ७५०००० |
| ४ | विद्यालय क्षेत्र सुधार कार्यक्रम | ९७३००० | ६६०००० |
| | जम्मा | २४६६४७००० | २३९७९८४५६ |

यसरी एउटै स्थानीय तहले संघीय सरकारबाट प्राप्त हुने बजेटको सिग्यास प्रणाली र अन्य कारोबारको सुत्र प्रणाली मार्फत लेखाङ्कन तथा प्रतिवेदन गर्दा सबै कारोबाको एकीकृत वित्तीय प्रतिबेदन तयार नहुने र म्यान्युअल रुपमा छुट्टै एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने अबस्था छ । अत: स्थानीय तहले संघ, प्रदेश तथा स्थानीय तहको सबै आर्थिक कारोबारलाई एउटै प्रणालीमा समवबेश गरी एकीकृत बित्तीय विवरण तयार हुने ब्यबस्था गर्नुपर्दछ ।

४ **वित्तीय विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक रहेको छैन ।

- प्राप्त वितीय विवरणको म.ले.प.फारम नम्बर २७० टिप्पणी ६.२ मा देखाएको बैंक तथा नगद बाँकी रु.७५६५२३३८/- मध्ये सञ्चित कोष खातामा रु.४७९८४३२९/- मौज्दात रहेको छ ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

५ **बजेट विनियोजनः-**

आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ:

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ८३४३८२००० | ५१२७३२००० | ६१.४५% | ३२१६५०००० | ३८.५५% |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.८३४३८२०००/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.५१२७३२०००/- अर्थात ६१.४५प्रतिशत र पूँजीगत तर्फ रु.३२१६५००००/- अर्थात ३८.५५ प्रतिशत विनियोजन भएको छ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बढि बजेट विनियोजन गर्नुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणालीः -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको जनाएको छ । पालिकाको आन्तरिक नियन्त्रण ब्यबस्था सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् :

**<u>बजेट व्यवस्थापन तर्फः</u>**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।
- स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वयन गरेको छैन ।
- स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

**<u>खरिद व्यवस्थापन तर्फः</u>**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको छैन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने गरेको पाईएन ।

**<u>शिक्षातर्फ:</u>**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढ्ुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**<u>विविधतर्फ :</u>**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको छैन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- पूर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।
- कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।
- कार्यालयले कार्यक्रम संचालन गर्दा सम्बन्धित कार्यक्रमको बजेटबाट खाना खाजा लगायत विविध खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।
- खरिद गरेका अधिकांश सामाग्रीहरुको ब्राण्ड, मोडल, स्पेसिफिकेशन खुलाउने गरेको छैन ।
- मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।
- पुर्वाधार निर्माणका अधिकांश कार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथा कार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृत गर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउने गरेको छैन।
- मूल्य अभिबृद्धि कर लाग्ने जिन्सी सामाग्री खरिद गरेकोमा अधिकांशको मूल्य अभिबृद्धि कर बाहेकको मूल्यमा जिन्सी प्रविष्टि गर्दा जिन्सी सामाग्रीको वास्तविक खरिद मूल्य नदेखिने गरेको छ ।

  अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७ न्यायीक समिति:-

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ:

| गत वर्षबाट सरेका विवाद संख्या | यस वर्ष दर्ता भएका विवाद संख्या | जम्मा विवाद संख्या | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ८ | १६ | २४ | २३ | १ |

उपरोक्तानुसार पालिकामा गत वर्षबाट ८ मुद्धा सरेर आएकोमा यो वर्ष थप १६ मुद्धा दर्ता भई जम्मा २३ मुद्धा रहेकोमा २२ मुद्धाको यो वर्ष निरुपण भई १ मुद्धाको जिम्मेबारी सरेको पाईयो । आर्थिक वर्ष २०८१/०८२ को अन्तमा बाँकी रहेका मुद्धाको समयमै न्यायिक निरुपण हुने व्यवस्था गर्नुपर्दछ ।

८ **बजेट पेश, पारित र अख्तियारीः-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उप-प्रमुख श्री हेमा न्यौपाने तिमिल्सीनाले मिति २०८१/३/१० गते रु. ८३ करोड ४३ लाख ८२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०३/१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१/०३/१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९ **त्रैमासिक पूँजीगत खर्चः-**

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगती कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ७४.२५ प्रतिशत र आषाढमा मात्र ५६.६९ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरेर प्रत्येक त्रैमासिकमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ३१७६१ | ० | ० | ० | ३१७६१ | २९०४१ |
| २ | प्रदेश पूँजीगत | ३३४५ | ० | ० | ० | ३३४५ | ३३४५ |
| ३ | नगरपालिका पूँजीगत | १८३३९६ | ८९९८ | १५६४३ | २१६२९ | १२७१२६ | ९१४९१ |
| | कूल खर्च | २१८५०२ | ८९९८ | १५६४३ | २१६२९ | १६२२३२ | १२३८७७ |
| | खर्च प्रतिशत | | ४.१२ | ७.१६ | ९.९० | ७४.२५ | ५६.६९ |

१० **क्षेत्रगत बजेट र खर्चको स्थितीः-**

स्थानीय तहहरुले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१/०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ:

| क्र.सं. | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | कुल बजेट मध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६९२६७.००० | ४२०२९.२०६ | ५.०३% |
| २ | सामाजिक विकास | ४३९१५५.००० | ३८९०९२.०७७ | ४६.६३% |
| ३ | पूर्वाधार विकास | १७९८८८.००० | १२७३६५.४०५ | १५.२६% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३३५२९.००० | २२४५७.४५० | २.६९% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११२५४३.००० | ९१८२२.३८९ | ११.००% |
| | जम्मा | ८३४३८२.००० | | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.६३ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.६९ प्रतिशत खर्च भएकोले न्यून खर्च र बढी खर्च क्षेत्रबिच ४३.९४ प्रतिशतको फरक देखिन्छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्ने देखिन्छ ।

११ **सम्पत्ति हस्तान्तरण:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

१२ **बजेट तथा पूँजीगत खर्च :-**

नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८१/०८२ | ८३४३८२०००.०० | २१८५०१८९५.५० | २६.१९% |

पालिकाको यस वर्ष बजेट रु.८३४३८२०००/- विनियोजन गरेकोमा पूँजिगत रु.२१८५०१८९५.५० खर्च गरेको छ जुन कुल बजेटको २६.१९% प्रतिशत मात्र हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बृद्धि गर्नुपर्दछ ।

१३ **बजेट तथा चालु खर्च:-**

नगरपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ:

| क्र.सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८१/०८२ | ८३४३८२००० | ४५४२६४६३२.९६ | ५४.४४% |

पालिकाले यस पालिकाको यो वर्ष बजेट रु.८३४३८२०००/- विनियोजन गरेकोमा चालु तर्फ रु.४५४२६४६३२.९६ खर्च गरेको छ । जुन कुल बजेटको तुलनामा ५४.४४ प्रतिशत हुन आउँछ। पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ ।

१४ **ठेक्का व्यवस्था :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजनाहरु लागत अनुमान भन्दा ०.१ देखि १.७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । स्विकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाहरुको न्यून लागतमा तोकिएको गुणस्तरको कार्य भए नभएको सम्वन्धमा पालिकाले एकिन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाहरुको विवरण यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख गरिएको छ :

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१५ **आयोजना हस्तान्तरण:-**

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.११३२३३५००/- खर्च गरी ५१६ वटा योजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न योजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लक्ष्यित उपलब्धि हाँसिल हुन सक्ने देखिंदैन । अत: सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण गरि उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

१६ **योजना छनौट र कार्यान्वयनः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजनाहरु छनौट नगरी साना-साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुने कारण यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष भएका कामका योजनाहरू देहायअनुसार रहेका छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमका योजना | २५० | २३०८५००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | २११ | ४४००५००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ६४ | ३९४५५००० |
| ४ | रु.५ लाख भन्दा माथिको योजनाहरु | २५ | १९००५००० |
|  | जम्मा | ५५० | १२५५५०००० |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने कारण यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१७ **निर्माण कार्य व्यवस्थापन :-**

पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छः

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ५३३ | १७ | ४९८०१५०१.४७ | ५१६ | ११३२३३५००.०० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ५३३ योजनाहरु मध्ये ठेक्का मार्फत १७ वटा योजनामा रु.४ करोड ९८ लाख खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ५१६ योजनामा रु.११ करोड ३२ लाख ३३ हजार खर्च गरेको छ । अर्थात ५३३ योजनामा भएको खर्च मध्ये ३०.५५ प्रतिशत ठेक्का प्रक्रिया र ६९.४५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्नु पर्दछ ।

## १८ ठेक्का बन्दोवस्तः-

ठेक्का बन्दोवस्तः पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ:

| कार्यक्रम/ शीर्षक | खरिदसम्झौता | | | | | | | | यसबर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | २४ | ७५२४५४९८.०६ | २ | ५६४७१२३.५८ | ४ | २३५४०१९२.३ | १८ | ४६०५८१८२.२ | १७ | ४९८०१५ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. ४ करोड ९८ लाख १ हजार पाँच सय १ लागतको १७ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु. ५६ लाख ४७ हजारको २ वटा ठेक्का, दोश्रो चौमासिकमा रु.२ करोड ३५ लाख ४० हजारको ४ वटा ठेक्का र तेश्रो चौमासिकमा रु.४ करोड ६० लाख ५८ हजारको १८ वटा ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्तमा रू.४ करोड ६० लाख ५८ हजार बराबरको १७ वटा ठेक्का सम्पन्न भएको विवरण प्राप्त भएको छ ।

## १९ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण:-

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

## २० सेवाप्रवाहको स्थितिः-

पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा निम्न विषयमा २१३७ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ८४८ |
| मृत्यु दर्ता | २८९ |
| बसाईसराई दर्ता | ५६६ |
| विवाह दर्ता | ३७९ |
| सम्बन्ध विच्छेद दर्ता | ५५ |
| जम्मा | २१३७ |

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् । सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । पालिकाले गुनासो सुनुवाई प्रभावकारी बनाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरेर सेवा प्रवाहको अवस्थाको मुल्याङ्कन गर्न सके थप प्रभावकारी हुने देखिन्छ ।

## २१ गत वर्षको खर्चको यो वर्ष भुक्तानी:-

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले गत वर्षको योजना/कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको जनाई भुक्तानी दिन बाँकीको विवरण पालिकाको निर्णय र आलेपबाट प्रमाणित गराई राखेर २१ वटा योजना तथा कार्यक्रमको यो वर्ष रु.४२७७११७/- भुक्तानी दिएको छ र यस्ता योजना/कार्यक्रमहरु वहुवर्षिय पुर्वाधार निर्माणका योजना नभई अल्पकालिन टुक्रे योजना तथा चालु प्रकृतिका खर्च समेत रहेको पाईएको छ । यसरी यस वर्षको वजेटबाट विगत वर्षको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ । कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र तयार गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रम चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

२२ **कर तथा शुल्क असुली:-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| क्र. सं . | आम्दानी शीर्षक | अनुमान | संकलन/ असुली | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | ४००००००.०० | ९९९१११.०० | २४.९७ |
| २ | वहाल कर | ४८५००००.०० | ३२३३६०४.९८ | ६६.६८ |
| ३ | वहाल विटौरी कर | ५०००००.०० | - | - |
| ४ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | - | ५२८६७.०० | |
| ५ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०००००.०० | - | - |
| ६ | न्यायिक दस्तूर | ३०००००.०० | ४२००.०० | १.४० |
| ७ | परीक्षा शुल्क | - | २७२००.०० | |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | ४५०००००.०० | ५७६९९०.०० | १२.८२ |
| ९ | नक्सापास दस्तुर | ६५०००००.०० | १८५००.०० | ०.२८ |
| १० | सिफारिश दस्तुर | ६००००००.०० | २६१४१८१.०० | ४३.५६ |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | २५०००००.०० | ७८७२००.०० | ३१.४८ |
| १२ | नाता प्रमाणित दस्तुर | २००००००.०० | ७१९३०००.०० | ३५.९६ |
| १३ | अन्य दस्तुर | २००००००.०० | ४२५५२६६.९० | २१२.७६ |
| १४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३००००००.०० | १५००.०० | ०.०५ |
| १५ | प्रशासनिक दण्ड जरिवाना र जफत | १७०००००.०० | ३७५००.०० | २.२० |
| १६ | अन्य राजस्व | २७०००००.०० | ५९६१६.०० | २.२१ |
| १७ | व्यवसाय कर | ३६०००००.०० | ३६७६०३.०० | १०.२१ |
| १८ | भुमिकर/मालपोत कर | ३५०००००.०० | ३३३६०८.७२ | ९.५३ |
| १९ | सवारी साधन कर(साना सवारी) | ५०००००.०० | ४०५००.०० | ८.२० |
| २० | अन्य कर | २००००००.०० | ९६५०.०० | ०.४८ |
| २१ | निजि धारा वापतको शुल्क | ४५०००००.०० | १६८४८९०.०० | ३०.७७ |
| २२ | अन्य सेवा शुल्क तथा बिक्री | २००००००.०० | ७७७००.०० | ३.८८ |
| २३ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ८०००००.०० | - | - |
| २४ | व्यवसायले भुक्तान गर्ने | १३०००००.०० | - | - |
| २५ | पर्यटन शुल्क | ५०००००.०० | - | - |
| जम्मा | | ५९५५००००.०० | १५८९२०८९.२२ | २६.६८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित हुन नसक्दा असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गरेर अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२३ **कर संकलनः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा गाउँपालिका तथा नगरपालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ:

| आय शीर्षक | अनुमान | असुली ( अल्या सहित ) | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | १०१५५००००.०० | ५२९८७४३७.९० | ५२.१८% |

उपरोक्त विवरण अनुसार पालिकाले आन्तरिक आयको अनुमान रु.१०१५५००००/-गरेकोमा अनुमानको तुलनामा ५२.१८ प्रतिशत अर्थात रु. ५२९८७४३७.९० आन्तरिक आय संकलन गरेको देखिन्छ। अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२४ **आन्तरिक आय र खर्चको विश्लेषण:-**

पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय | पालिकाको जम्मा खर्च | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८१/०८२ | ५२९८७४३७.९० | ६७२७६६५२८.४६ | १२७०.०० |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.६७ करोड २७ लाख ६६ हजार रहेको छ भने आन्तरिक आय रु.५ करोड २९ लाख ८७ हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको १२७० प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले खर्चको तुलनामा आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ ।

२५ **सहकारी तर्फः-**

२५.१ **सहकारी संस्थाको विवरण:-** यस पालिका अन्तर्गतका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | २१ | १०२५० | १४२४३१३३९३ | ८७९०१५३६६५ | १०४१८२९३५४ | ५५८७१९३० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १२ | १९९४ | १८२४११८३ | २९१०५३२२५ | ५०२१३२३४० | ३५६०१९३० |
| क्रृषि सहकारी संस्था लि. | ३६ | १५२४६ | ९४३३२३५० | २८५०२५१३५ | ९४१८२९०० | ५८९१५३० |
| अन्य | ३७ | १३४३६ | १२२३५३६७ | ६६९०२५४६३५ | ७२५१८४८५० | ८५६२१९७ |
| जम्मा | १०६ | ४०९२६ | | | | |

यस पालिकामा १०६ सहकारी संस्था रहेको विवरण पालिकाले उपलब्ध गराएको भएता पनि ३० सहकारी मात्र पालिकामा दर्ता भएको विवरण प्राप्त भएको छ । पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएतापनि ऐनमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । पालिकाले सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा हुनेगरी कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गरी ऐनको व्यवस्था अनुसार कानूनी दायरामा ल्याउनुपर्दछ।

२५.२ **सहकारी नियमन:-** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १०६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सबै विवरण अद्याबधिक गर्न बाँकि देखियो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे

अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२५.३ **सहकारी संस्थाको अनुगमनः-** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छः

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु |
|---|---|---|
| ३० | ५ | भाखा नाघेको ऋण कोषको व्यवस्था कम असुलीमा ताकेता कम भएको |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र बचत रकमको उचित परिचालनका लागि प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

२६ **तलवी प्रतिवेदन:-**

निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीको रु.१६७९८१४४/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **कर्मचारी कल्याण कोषः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गल्याङ नगरपालिका चालु शिर्षकबाट कर्मचारी कल्याण कोषमा रु.९०००००/- ट्रान्सफर खर्च गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । स्पष्ट कानूनी ब्यबस्था गरेर मात्र यस्तो कोषमा रकम ट्रान्स्फर गर्नुपर्दछ ।

२८ **आर्थिक सहायताः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो वर्ष विभिन्न व्यक्ति तथा निकायहरुलाई सहयोग गरी रु.९१२०००/- आर्थिक सहायता वितरण गरेको छ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकमा आर्थिक सहयता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । आर्थिक सहायताको रकमलाई सार्बजनिकीकरण गर्नुपर्दछ ।

२९ **धरौटी खाता:-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन । उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वियनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

३० **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३१ **धरौटी फिर्ता:-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) मा सम्बन्धित आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व पालिकामा कर विवरण पेश गरेको कागजात पेश गरेपछि रिटेन्सन मनी वापतको धरौटी रकम फिर्ता गर्न सकिने व्यवस्था छ । अर्थ मन्त्रालयको मिति २०६९/६/१७ को परिपत्र अनुसार सम्बन्धित आपूर्तिकर्ता निर्माण व्यवसाय वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व पालिकामा धरौटी फिर्ताको प्रयोजनार्थ मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न मिति र भौचरमा निम्नानुसार आपूर्तिकर्ता/ निर्माण व्यवसायीलाइ रु.५३८७०४/- धरौटी वापतको रकम फिर्ता गर्दा कर चुक्ता प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिति | फिर्ता पाउने | फिर्ता रकम |
|---|---|---|
| ५/ २०८१ / ०४ / ३२ | ज्ञान लक्ष्मी सप्लायर्स एण्ड बिल्डर्श प्रा. लि . | ४२१००० |
| ९/ २०८१ / ०९ / १२ | दर्शन कन्सट्रक्सन प्रा. लि . | ११७७०४ |
| | **जम्मा** | **५३८७०४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३८,७०४ |

३२ **स्कुटर खरिद:-** (५०५/२०८२/०३/२०/):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **६४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३ **पेश्की बाँकी :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवस्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । साथै सोही नियमावलीको नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म. ले. प. फा. नं. २११ अनुसार गत वर्षसम्मको पेश्की रु.१२२५३८४४/- बाँकी देखिएको छ भने यस वर्षको म्याद ननाघेको रु.२१५९२२८/- तथा म्याद नाघेको पेश्की रु.१४८५०००/- समेत कुल पेश्की रु.१५८९८०७२/- बाँकी देखिएको छ । म्याद नाघेको र ननाघेको पेश्कीको एकीकृत अभिलेख व्यवस्थित गरी यस वर्ष म्याद नाघेको पेश्की रु.१४८५०००/- नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु..

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | १४,८५,००० |

३४ **पेश्की जिम्मेवारी :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (१) मा सरकारी कामकाजको लागि पेश्की दिएको रकम सोही आर्थिक वर्षभित्र फर्स्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फर्स्यौट हुन बाँकी रहेको पेश्की रकम, पेश्की लिनेको नाम

थर, स्थायी तथा अस्थायी ठेगाना, सम्पर्क फोन नम्बर, मोबाइल नम्बर र इमेल ठेगाना सहित कुन काम वापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालय स्याङ्जाले उपलब्ध गराएको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार पालिकाले स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ सिनर्जी शंखदेवी जे.भी. को नाममा गत विगत आर्थिक वर्षमा बाँकी रहेको पेश्की रु.२००००००००/- मध्ये रु.३६८०४९३.६६ फछ्र्यौट भई बाँकी रहेको पेश्की रु.१६३१९५०६.३४ यस वर्ष जिम्मेवारी सारेको छैन । गत विगत वर्ष र चालु वर्षमा पेश्की भुक्तानी दिएका तर पेश्की कायम गर्न छुट भएका तथा पेश्की जिम्मेबारी नसारेका के कति कारोबार रहेका छन् सो सम्बन्धमा पालिकाले एकिन गरेर पेश्की हिसाव अद्याबधिक गर्नुपर्दछ । यस पालिकाले सिनर्जी शंखदेवी जे.भी. लाई गत विगत वर्षमा पेश्की दिएको तर फर्स्यौट हुन बाँकी रहेको पेश्की चालु वर्षमा जिम्मेबारी नसारेकोले सो पेश्की जिम्मेवारी सारी पेश्की बाँकी कायम गर्नुपर्दछ ।

३५ **सम्भाव्यता अध्ययन/डि.पि.आर कार्यन्वयनको अवस्था:-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले कार्य गर्न संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष ३ कार्यमा रु.२५२७६१२/- र यो वर्ष २ कार्यमा रु.११७८०२५/-समेत कुल रु.३७०५६३७/- खर्च गरेको छ ।यसरी खरिद गर्दा सो को आवश्यकता खरिदमा मितव्ययिता पालिकाकै जनशक्तिको परिचालन सम्बन्धमा पर्याप्त विश्लेषण गरेको पाईएन ।यस्ता सम्भाब्यता अध्ययन तथा डि.पि.आर. तयार गर्ने कार्यमा परामर्श सेवा खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको पाईएन । प्रत्येक वर्ष डि.पि.आर तयार गर्ने तर प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता समेत नगर्दा यस्ता कार्यमा भएको खर्चबाट अपेक्षित उलब्धी हाँसिल हुने नदेखिंदा यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्ने सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ मा परामर्श सेवा (डि.पि.आर.समेत) वापत रु.११७८०२५/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ:

| क्र.सं | आर्थिक वर्ष | कामको विवरण | परामर्शदाताको नाम | भुक्तानी रकम | योजना कार्यान्वियन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०८१/८२ | गल्याङ बसपार्क D.P.R. | Royal Axis Engineering Service Pvt. Ltd. Balaju-16 Kathmandu | ८९०४४० | कार्यन्वयनको प्रक्रियामा रहेको तर जग्गा खरिदको काम सकिएको |
| २ | २०८१/८२ | IEE for sustainable Extraction of River Bed materials | Sustainable Cinsulting ServicesGalyang-3 Syangja | २८७५८५ | कार्यान्वियन भएको |
| | | | जम्मा | ११७८०२५ | |

३६ **हेभी इक्विपमेण्टको प्रयोग:-**

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत: पालिकाले लाभग्राही समुदायबाट योजना सञ्चालन गर्दा हेभी मेशिन प्रयोग गर्ने पर्ने अबस्था आईपरेमा नियमावलीले तोकेको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएर मात्र कार्य गराउनु पर्दछ ।

३७ **कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना (हेफर प्रोजेक्ट नेपाल):-**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र कृषि क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद वागवानी तथा ढुवानी कृषि सामग्री तथा यन्त्र उपकरण तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु.३१४२८५७१/- को लागत साझेदारीमा मिति २०८२/०३/३० सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९/१२/१७ मा सम्झौता भएको छ । कुल लागत मध्ये ३० प्रतिशत ले हुने रकम रु.२२००००००/- पालिकाले र बाँकी हुने रकम रु.९४२८५७१ /- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व.२०७९/८० मा रु.१०२११२५/- आ.व.२०८०/८१ मा रु.८५४१३९१ /- र आ.व.२०८१/८२ मा रु.१०४०००००/- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् :

३७.१ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०७९/१२/१७ मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये यस आ.व. मा पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन मुल्याङ्कन तालिम लगायतमा समेत रु १०४००००० /- हेफरलाई उपलब्ध गराएको छ । पालिकामा रहेका स्थायी दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर योजना सञ्चालन गर्दा गराउँदा व्ययभार बढ्न गएको देखिएको छ । यसरी व्ययभार बढ्नेगरी परियोजना सञ्चालन गर्ने कार्यमा नियन्त्रण गरी पालिकामा रहेका स्थायी दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्ने व्यवस्था गर्नुपर्दछ ।

३७.२ पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, तरकारी तथा घाँसको विउ वितरण तथा सचेतना सम्वन्धि तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्याउन एक पालिका एक प्राबिधिकको छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुबाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन । अत: पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३७.३ पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नो स्वीकृत संरचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकाबाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत भएन ।

३७.४ पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य नयाँ गोरेटो संस्था मार्फत गराएको छ । हेफर नेपाल संस्थावाट नयाँ गोरेटो संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो । सम्झौताको बुदा न ९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन।

३७.५ सम्झौताको वुँदा नं.८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रमबाट

प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन । उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन । वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन । सम्पादित कृयाकलापबाट भएको उपलब्धी र कार्यक्रमले पारेको प्रभावलाई समेटी परियोजनाको प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३७.६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ । त्यस्तै मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाललाई रु.१०४०००००/- भुक्तानी गरेको र हेफर प्रोजेक्टले कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानीय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

३७.७ सम्झौतामा ७० प्रतिशत नगरपालिका र ३० प्रतिशत हेफरले व्यहोर्ने देखिएकोमा हेफरको लागत साझेदारी संस्थाको कर्मचारी तलब, भत्ता जस्तो प्रशासनिक कार्यमा ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेकोले वास्तविक कामको लागत साझेदारी भएको देखिदैन । लाभग्राही कृषकलाई वितरण गरेका बाख्रा, भैसी, गाई लागायतका पशु चौपायाको वितरणको भरपाई पेश भएको भएतापनि निस्चित अवधिसम्म उक्त पशु चौपाया बेच विखन नगर्ने, काटी मासी नगर्ने लगायतका प्रतिवद्धता सहितको करार समेत नगराई वितरण गरिएकोले लाभग्राहीले बुझेका पशु चौपाया मार्फत अधिकतम लाभ लिइ उद्यमशिलता विकास हुनेमा सुनिश्चितता हुन सकिएन । यसरी खरिद भएका कृषि औजार, यन्त्र उपकरण लगायतका सामग्री एवं पशु चौपायाको गुणस्तर परीक्षण समेत गरेको पाइएन । लाभग्राही कृषकलाई वितरण गरेका बाख्रा, भैसी, गाई लागायतका पशु चौपाया निस्चित अवधिसम्म बेच विखन तथा काटी मासी नगर्ने लगायतका प्रतिवद्धता सहितको करार गर्ने व्यवस्था गर्नुपर्दछ । खरिद भएका कृषि औजार, यन्त्र उपकरण लगायतका सामग्री एवं पशु चौपायाहरुको गुणस्तर परीक्षण गरी तोकिएको मापदण्ड अनुसारका भए/नभएको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

३८ **आनुपातिक कट्टी:-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति मार्फत काम गराउँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धी कर ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहाया उपभोक्ता समिति मार्फत देहाय अनुसारका योजनाहरु सञ्चालन गर्दा कार्य सम्पन्न अनुसार आनुपातिक कट्टि गरेर मात्र भुक्तानी गर्नुपर्नेमा देहाय अनुसार रु.५८४२१/- बढी भुक्तानी गरेको सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु..

| गो. भौ . नं ./ मिति | योजनाको नाम/ उपभोक्ता समिति | लागत अनुमान | पालिकाले तिर्ने अंश | कार्य सम्पन्न | पालिकाले दिनुपर्ने | पालिकाले दिएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २९१- २०८२ / २ / १८ | तिनदोबाटे चोक बाटो स्तरोन्नती | ७५२९०१ | ६७२००० | ७४५८५७ | ६६५७१३ | ६७१२७१ | ५५५८ |
| ३६१- २०८२ / २ / ७ | रुमाङ्दि ग्रामिण सडक योजना | ३७७०१६ | ३३६००० | ३७१९९३ | ३३१५२३ | ३३४७९४ | ३२७० |
| ६३७-२०८२/३/२५ | बि. पि . स्मृति भवन निर्माण योजना | ३२०१२१ | २८८००० | २७६८१७ | २४९१३५ | २८८००० | ३८८६५ |
| ४४३-२०८२/३/१६ | ठुलीबारी जौखर्क कोटघर जाने बाटी निर्माण योजना | १०७५७४८ | ९६०००० | १०३०५०४ | ९१९६२४ | ९२७४५३ | ७८२८ |
| ५५८-२०८२/३/२४ | दुधेचौर माथिल्लो खानेपानी योजना | ५३९२२९ | ४८०००० | २९४६३४ | २६२२७१ | २६५१७२ | २९०० |
| | | | | जम्मा | २४२८२६६ | २४८६६९० | ५८४२१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,४२१ |

३९ **खानेपानी मर्मत सम्भार व्यवस्थापन खर्च:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले गल्याङ्ग बजार खानेपानी मर्मत सम्भार व्यवस्थपन अन्तर्गत २०८१ जेठ र २०८१ भाद्र महिनाको विद्युत महशुल वापत बुटवल पावर कम्पनी लिमिटेडको बिल अनुसारको रु.१९१८९४/- गल्याङ्ग बजार खानेपानी मर्मत सम्भार उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । विद्युत महशुल वापत बुटवल पावर कम्पनी लिमिटेडलाई २०८१ अर्थात् गत आर्थिक वर्षको खर्च भुक्तानी दिन बाँकी विवरण प्रमाणित नगरी यो वर्षको बजेटबाट खर्च लेखेको २०८१ श्रावणको विद्युतको विल पेश नगरी २०८१ भाद्र महिनाको विद्युत महशुल भुक्तानी गरेको देखिन्छ । यसरी विद्युत महशुल भुक्तानी गर्नुपर्ने आधार सहितको ब्यहोरा खुल्ने प्रमाण भएमा पेश गर्ने अन्यथा गल्याङ्ग बजार खानेपानी मर्मत सम्भार उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९१,८९४ |

४० **राजश्व ब्यबस्थापन:-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ भने नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको आन्तरिक आय यो वर्ष रु.५२९८७४३७.९० रहेको छ । यस कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र रहेर पालिका र वडाहरुबाट कर शुल्क दण्ड जरिवाना तथा रोयल्टी लगायतका क्षेत्रबाट राजश्व संकलन गर्ने गरेकोमा दहत्तर बहत्तरबाट प्राप्त हुने राजश्व विद्युत आपुर्ती अबरुद्ध भएको र आकस्मिक अबस्थामा संकलन गर्न छापिएका रसिद काट्ने गरेको र अन्य प्रयोजनमा सुत्र प्रणालीबाट रसिद प्रिन्ट गरी जारी गर्ने गरेको कार्यालयले जनाएकोमा छापिएका रसिदको रसिद नियन्त्रण खाता राखेतापनि अद्याबधिक अभिलेख राखेको छैन । जसले गर्दा कुन समयमा कति मात्रामा रसिद छापिएका थिए छापिएका रसिद ठेलिहरु कति वडा कार्यालयमा पठाईएका र कति ठेलि पालिका कार्यालयमा नैं उपयोग भए सो सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले वडा कार्यालयलाई रसिद ठेली उपलब्ध गराउँदा पालिकामा कुनै लिखित रेकर्ड नराखी मागका आधारमा उपलब्ध गराउने गरेको पाईयो । केहि वडा कार्यालयहरुमा वर्षभरिमा संकलन भएको राजश्व वर्षान्तमा मात्र राजश्व खातामा दाखिला गर्ने गरेको समेत पाईयो भने वडा कार्यालयहरुमा संकलन भएको राजश्व पालिकाले माग गरि बैंक दाखिला गर्न ताकेता समेत गरेको पाईएन । यसरी

रसिद नियन्त्रण खातामा अद्याबधिक अभिलेख नराख्नाले के कति रसिद छापिएका थिए र के कति रसिद काटेर के कति राजश्व संकलन भएको हो सो सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ । अत: कार्यालयले राजश्व संकलन गर्न छापिएका रसिद ठेलिहरुको नियन्त्रण गर्न रसिद नियन्त्रण खातामा अभिलेखा अद्याबधिक राखि प्रविष्टि गेरर मात्र रसिद ठेली उपलब्ध गराउनु पर्दछ भने संकलित राजश्व समयमै बैंक दाखिला गरी राजश्व ब्यबस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

४१ **प्राकृतिक श्रोतको आय:-**

स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने ब्यबस्था गरेको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची १ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । सोही ऐनको अनुसूची ४ मा नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबिच प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ । पालिकाले यो वर्ष प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनको लागी IEE प्रतिवेदनबाट ११ वटा घाटबाट ४३४१३ घनमिटर नदिजन्य श्रोत उत्खनन् गर्न अनुमति दिएकोमा यो वर्ष ३ वटा घाटको ६१९८ घनमिटरको आय ठेक्काबाट रु.१८७१२४३/- राजश्व आय प्राप्त भएको विवरण पेश गरेको छ भने बाँकी ३७२१५ घनमिटरको प्रति घनमिटर रु.३१७.८७ का दरले रु.११८२९५३२/- को आय ठेक्का पनि नलगाएको र अमानतबाट पनि राजश्व संकलन नगरेको पालिकाले जनाएको छ । पालिका भित्रका विकास निर्माण कार्यमा ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोत समावेश गरी लागत अनुमान बनाउँदा त्यस्ता श्रोतको समेत लागत समावेश हुने तर पालिकाले प्राकृतिक श्रोतको उत्खनन् तथा प्रयोगमा कुनै राजश्व असुल नगर्नाले एकातर्फ पालिकाले आफ्नै क्षेत्र भित्रको प्राकृतिक श्रोतबाट हुने आन्तरिक आय गुमेको छ भने अर्को तर्फ आफ्नै पालिका भित्रको निर्माण कार्यमा आफ्नै पालिका भित्रको ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोतमा मूल्य तिरेर खरिद गर्नु परेको अबस्था छ । त्यसैगरी प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा राजश्व असुल नगर्दा नेपाल सरकार तथा प्रदेश सरकारको समेत राजश्व बाँडफाँडबाट प्राप्त हुने आय गुमेको अबस्था छ ।

४२ **प्राकृतिक श्रोतको आय ठेक्का:-**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची १ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । सोही व्यवस्था अनुसार यस पालिकाले पालिका क्षेत्रभित्र राखिएका देहाय अनुसारका घाटबाट नदिजन्य श्रोत (ढुङ्गा गिटी बालुवा) संकलन गर्न आय ठेक्का लगाएकोमा संझौता अनुसारको राजश्व संझौता रकम संझौताका बखत बुझाउनुपर्ने र समयमा किस्ता नबुझाएमा १० प्रतिशत थप गरेर सरकारी बाँकी सरह बैंक ग्यारेन्टीबाट असुल गरिने व्यवस्था रहेकोमा देहायका ठेकेदारहरुले संझौतामा तोकिएको मिति भन्दा ढिला राजश्व बुझाएकोले सर्त अनुसारको थप १० प्रतिशत जरिवाना सहित देहाय अनुसारको हुने रकम रु.१६३५००/- सम्बन्धित ठेकेदारबाट असुल गर्नुपर्ने रु..

| घाटको नाम | ठेकेदार | संझौता रकम | किस्ता रकम | बुझाउनुपर्ने मिति | बुझाएको मिति | बुझाएको रकम | १० प्रतिशत जरिवाना |
|---|---|---|---|---|---|---|---|
| तुलसी भञ्ज्याङ बगर | ज्ञानलक्ष्मी सप्लायर्स (६१००८४१००) | १०८१४१० | ५४०००० | ६६३९० | ६६५६१ | ५४०००० | ५४००० |
| चिउरी घाट | बोलबम कन्स्ट्रक्सन (३०५५२७६५९) | ३४६१७१ | १९५००० | ६६३८७ | ६६५२९ | १९५००० | १९५०० |
| कालीगण्डकी नदिका ३ वटा घाट (धिनाघाट जिमुहा घाट ठूलो बगर) | ज्ञानलक्ष्मी सप्लयर्स एण्ड विल्डर्स (६१००८४१००) | १८०७७६० | ९००००० | ६६५१२ | ६६५६१ | ९००००० | ९०००० |
| जम्मा | | | | | | | १६३५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६३,५०० |

४३ **नदीजन्य पदार्थको लिलाम बिक्री:-**

कार्यपालिकाको २०८१/०४/१४ को निर्णयले जिल्ला समन्वय समितिको अनुगमनबाट पत्ता लागेको र गल्याङ्ग नगरपालिका क्षेत्रमा अबैध रुपमा संकलन र उत्खनन् भएको जम्मा ११९५ घन मिटर नदिजन्य पदार्थ विक्री गर्ने निर्णय भएकोमा २ पटक सूचना प्रकाशन गर्दा पनि निवेदन नपरेको कारण सोझै वार्ताद्वारा सकारेर प्रति घन मिटर रु.३१७.८७ का दरले ८८० घन मिटर विक्री गरि रु.३२०२९६/- राजश्व प्राप्त भै बैंक दाखिला भएकोमा बाँकी ३१५ घन मिटर सोझै बार्ताबाट पनि कसैले नसकारेका कारण ३१५ घन मिटरको राजश्व प्राप्त हुन नसकेको पालिकाले जनाएको छ । पालिकाले बाँकी ३१५ घन मिटर मूल्य बढाबढबाट लिलाम विक्री गरि राजश्व संकलन गर्नुपर्दछ ।

४४ **बैंक दाखिला हुन बाँकी राजस्व**

यस पालिकको वडा नम्बर-५ मा असूल भै SUTRA प्रणालीमा प्रविष्टि भएको तर बैंक दाखिला हुन बाँकी रहेको रु.१६८००/- राजश्व बैंक दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,८०० |

४५ **आय ठेक्का नलागेको:-**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६४ (४) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणिय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा गिट्टी वालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचितकोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा गिट्टी वालुवा उत्खन्न संकलन क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानिय तहले दोस्रो पक्षसँग ढुङ्गा गिट्टि बालुवा उत्खनन् ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खोलाहरुको घाटबाट १४२६४ घ.मी. मा जम्मा परिमाणको ५० प्रतिशतले वार्षिक उत्खनन् परिमाण ७१३२ घ.मि. को प्रति घनमिटर प्रदेश सरकारले तोकेको रु.३१७.८८ का दरले हुने रु.२२६७१२०/- वार्षिक रुपमा नदिजन्य पदार्थ उत्खनन् बाट राजश्व प्राप्त गर्न सकिने देखिन्छ । प्रारम्भिक वातावरणीय परीक्षणबाट नदीजन्य पदार्थ उत्खनन् गर्न मिल्ने जनाएका घाटहरुको समयमै आय ठेक्का नलगाउँदा एकतर्फ पालिकाको आन्तरिक आय गुमेको छ भने अर्को तर्फ उक्त घाटहरुबाट अनधिकृत रुपमा उत्खनन् तथा चोरी निकासी हुने सम्भाबना समेत रहन्छ । उक्त घाटहरुबाट आय ठेक्का नलगाएको साथै पालिकाले अमानतबाट समेत राजस्व संकलन नगरेको जनाएको छ । पालिकाले समयमै ठेक्का लागाई राजस्व संकलन गर्न थप पहल गर्नुपर्ने देखिन्छ ।

| IEE बाट निकाल्न मिल्ने देखिएको परिमाण | बार्षिक उत्खनन् गर्न मिल्ने परिमाण ( ५० प्रतिशत ) ( घनमिटर) | राजश्व रकम |
|---|---|---|
| २९०४ | १४५४ | ४६२१९८ |
| ६३० | ३१५ | १००१३२ |
| १८५६ | ९२८ | २९४९९३ |
| ५७६० | २८८० | ९१५४९४ |
| १३५० | ६७५ | २१४५६९ |
| १७६४ | ८८२ | २८०३७० |
| १४२६४ | ७१३२ | २२६७१२० |

उक्त घाटहरुको आय ठेक्का लगाउन सूचना प्रकाशन गर्दा पनि कुनै निवेदन नपरेको कारण आय ठेक्का नलागेको पालिकाले जनाएको छ ।

४६ **कन्टिन्जेन्सी खर्च:-**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २

प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च रु.६२६५४४९/- कन्टीन्जेन्सी खर्च गरेको छ ।

- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।
- महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार स्टेशनरी छपाई सूचना प्रकाशन इन्धन दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन् ।
- कन्टेन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ । वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।
- कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

४७ **लागत साझेदारीमा मिनीटिलर अनुदान:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले पालिकाक्षेत्रभित्र रहेका सबै वडाका विभिन्न किसानहरुलाई ५० प्रतिशत लागत साझेदारीमा १७८ थान मिनिटिलर ग्रास कटर ट्याङ्क राईस मिल लगायतका कृषि औजार तथा यन्त्र उपकरणहरु खरिद गरि वितरण गर्न Bhanu Enterprises Pokhara (301979126) सँग संझौता मितिबाट १५ दिन भित्रमा कार्य सम्पन्न गर्नुपर्नेगरी मिति २०८२/०२/१४ मा मूल्य अभिबृद्धि कर सहित रु.५९८९६८९/- को संझौता गरेर रु.५३९७५१६/- भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

४७.१ **यन्त्र उपकरण वितरण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२००,२१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७.२ खरिद भएका १७८ थान कृषि औजार तथा यन्त्र उपकरण तोकिएको स्पेसिफिकेसन र सर्त अनुसारको भए नभएको सम्बन्धमा प्राविधिक परीक्षण गरेको विवरण पेश गरेतापनि खरिद भएका यन्त्र उपकरणको ब्राण्ड मोडल तथा स्पेशिफिकेसन नखुलाएकोले तोकिएको गुणस्तरका यन्त्र उपकरण खरिद भएका छन् भन्ने सम्बन्धमा एकिन हुने आधार देखिएन । खरिद भएका यन्त्र उपकरणको वारेन्टी जडान तथा मर्मत सम्भारका सम्बन्धमा कुनै व्यहोरा नखुलाएकोले आपूर्तीकर्ताबाट उत्पादक कम्पनीले तोकेको अबधिसम्म अनिबार्य रुपमा प्राप्त हुने वारेन्टी जडान तथा मर्मत सम्भारका सुविधाहरु प्राप्त हुने व्यवस्था गर्नुपर्दछ ।

४७.३ खरिद भएका कृषि औजार तथा यन्त्र उपकरणहरु लक्ष्यित किसानले प्राप्त गरेको र अनुदानमा प्राप्त यन्त्र उपकरणहरु प्रयोगका सम्बन्धमा अनुगमनको जिम्मेबारी पाएका पक्षबाट अनुगमन नगरेकोले त्यस्ता उपकरणहरु कृषि कार्यमा उपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरि प्रतिवेदन गर्नुपर्दछ ।

**४८ लागत साझेदारीमा बोका/बाख्रा अनुदान:-**

यस पालिकाले पालिकाक्षेत्रभित्र रहेका सबै वडाका विभिन्न किसानहरुलाई ५० प्रतिशत लागत साझेदारीमा ६ वटा बोका र १२० वटा खरिद गरि वितरण गर्न Muktinath Live Stock Bank Basundhara Kathmandu (६१०३४६२२२) सँग संझौता मितिबाट ७ दिन भित्रमा कार्य सम्पन्न गर्नुपर्नेगरी मिति २०८२/०३/१७ मा रु.१६४५२००/- को संझौता गरेर रु.१४५७२००/- भुक्तानी गरेको छ । संझौता अनुसारको मूल्यमा ६ वटा बोका र १०४ वटा बाख्रा खरिद गरेको मध्ये साझेदारीको अंक व्यहोर्ने सबै कृषकलाई वितरण गरेको जनाएकोमा लक्ष्यित किसानले प्राप्त गरे नगरेको र अनुदानमा उपलब्ध गराएका बोका तथा बाख्राहरु आफ्नो आय आर्जन बृद्धिमा किसानले संरक्षण गरे नगरेको सम्बन्धमा अनुगमन नगरेकोले अनुगमनको जिम्मेबारी पाएको पक्षबाट अनुगमन गरि प्रतिवेदन गर्नुपर्दछ ।

**४९ लागत साझेदारीमा मौरी घार अनुदान:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले पालिकाक्षेत्रभित्र रहेका सबै वडाका विभिन्न किसानहरुलाई ५० प्रतिशत लागत साझेदारीमा मौरी भएको घारको प्रति मौरी घार रु.७४८०/- र मौरी नभएको घारको प्रति घार रु.३९८०/- का दरले किसानले लागत व्यहोर्ने र थप रकम पालिकाले व्यहोर्ने गरी पालिकाको अनुदानमा २२३ मौरी घार वितरण गरेको छ । यस पालिकाले टुनी काठले बनेको र मौरी सहितको र मौरी नभएको गरी २३० थान मौरी घार खरिद गर्न Shree Mani Mauripalan Bikash Shrot Kendra Palpa (६०००९७१४१) सँग संझौता मितिबाट ३० दिन भित्रमा कार्य सम्पन्न गर्नुपर्नेगरी मिति २०८१/०१/१२ मा रु.१४५७९००/- को संझौता गरेर रु.१४३६५१५/- भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- उक्त कार्यको Technical Specifications मा मौरी सहितको घारमा एपिस सेरेना जातको मौरी हुनुपर्ने पूर्ण रुपमा टुनीको काठबाट निर्मित न्युटन बि साईजको घार हुनुपर्ने गुणस्तरीय र नयाँ रानु सहित १० फ्रेम मध्ये मौरी सहितको चाका फ्रेम (ब्रुड कुट)-५ वटा हुनुपर्ने महकक्ष हुनुपर्ने र जस्ताको पाताको छाना हुनुपर्ने गरि तोकिएको छ । त्यसैगरी मौरी नभएको घारको लागी एपिस सेरेना जातको मौरीको लागि उपयुक्त पूर्ण रुपमा टुनी जातको काठबाट निर्मित महकक्ष सहित न्युटन बि साईजको घार र जस्ताको पाताको छाना हुनुपर्ने गरि घारको स्पेसिफिकेसन सहितको सर्त तोकिएकोमा सोको लम्बाई चौडाई प्रयोग हुने काठको साईज लगायतका विषय समेटेर लागत अनुमान तयार गरी प्राविधिक कर्मचारीबाट पारित गराएको छैन ।
- खरिद भएका २२३ थान माहुरी घार तोकिएको स्पेसिफिकेसन र सर्त अनुसारको भए नभएको सम्बन्धमा कुनै प्राविधिकले परीक्षण गरि प्रतिवेदन पेश गरेको छैन भने अनुगमन समितिले प्रमाणिकरण गरेर खरिद भएका मौरी घार तोकिएको स्पेसिफिकेसन अनुसारको भए नभएको प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन ।
- खरिदको संझौतामा मौरीको घार टुनी जातको काठबाट तयार भएको हुनुपर्ने घारभित्र १० वटा फ्रेम हुनुपर्ने र ५ वटा फ्रेममा सेरेना जातको माहुरी भरिएको हुनुपर्ने लगायतका सर्त रहेकोमा कार्य सम्पन्न गर्न ३० दिनको मात्र म्याद राखी संझौता गरेकोले तोकिएकै बमोजिमका माहुरी घार उपलब्ध भएको सम्बन्धमा पालिका एकिन हुनुपर्दछ ।
- खरिद भएका २२३ थान माहुरी घार तोकिएको स्पेसिफिकेसन र सर्त अनुसारको भए नभएको सम्बन्धमा कुनै प्राविधिकले परीक्षण गरि प्रतिवेदन पेश गरेको छैन भने अनुगमन तथा प्रमाणिकरण समितिले प्रमाणिकरण गरेर खरिद भएका मौरी घार तोकिएको स्पेसिफिकेसन अनुसारको भए नभएको अनुगमन प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन ।

अत: भने खरिद संझौतामा तोकिएको सर्त र लागत अनुमान अनुसारको मौरी सहितको घार प्राप्त गरेर प्राप्त भएका सबै घारहरु छनौट गरिएका र तोकिएका किसानहरुलाई वितरण गरि अनुदानको सदुपयोग भएको सम्बन्धमा पालिका एकिन हुनुपर्दछ भने मौरीघार खरिद गरि किसानहरुलाई वितरण गरेपछि लक्ष्यित किसानले पाए नपाएको र वितरण गरिएका घारहरु किसानहरु आफैले मौरी पालनमा उपयोग गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्दछ ।

५० **कृषि तथा पशु तर्फः-**

५०.१ **अनुदान व्यवस्थापनः-** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छः

| सिनं | विवरण | अनुदान संख्या | रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ४ | १४५९५४० |
| २ | पशु तर्फ | २ | १३६७३८७८ |
| | जम्मा | ६ | १५१३३४१८ |

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.१५१३३४१८/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए नभएको एकिन गर्नु पर्दछ ।

५०.२ **कृषि तथा पशुमा अनुदानः-** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वियन निर्देशिका २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वियन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा बृद्धि भए नभएको सम्बन्धमा प्रतिवेदन तयरा गरी पेश गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत सञ्चालित केही कार्यक्रमहरु देहाय अनुसार रहेका छन्:-

| क्र.सं. | अनुदान दिएको संस्थाको नाम र ठेगाना | अनुदान विषय (कृषि पशु लगायत) | अनुदान भुक्तानी रु. | अनुदानको उपयोगको अवस्था |
|---|---|---|---|---|
| १ | मातृभूमि कृषि तथा पशुपंक्षी फर्म गल्याङ-१ मालुन्गा | कृषि (अकबरे खुर्सानी) | ३३७५० | अकबरे विक्री वितरण भइ रहेको । |
| २ | ५० प्रतिशत अनुदानमा मौरी गोला तथा घार वितरण बाट जम्मा १८१ जना | कृषि | १२६१७८० | |
| ३ | ५० प्रतिशत अनुदानमा प्लास्टिक टनेल वितरण (८८ जना) | कृषि | ५४६९२० | तरकारी उत्पादन कार्यमा प्रयोग भएको |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु बिनालागत सहभागीतामा सञ्चालन भएको भएमा अनिवार्य लागत सहभागिता गराएर कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोग गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५१ **दुधमा अनुदान कार्यक्रम:-**

पालिकाले दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि २०७६ जारी गरी प्रति लिटर दुधमा रु.१५/- अनुदान दिने व्यवस्था गरेको छ । पालिकाले दुधमा अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको प्रस्ताव निवेदन दुग्ध उत्पादक सहकारी/संस्था मार्फत प्राप्त गर्ने व्यवस्था रहेको छ भने उक्त कार्यविधि अनुसार किसानले उत्पादन गरेको दुध सिधै वा दुग्ध संकलन केन्द्र वा सहकारी मार्फत वडा नं ३ मा रहेको साना किसान दुध संकलन तथा विक्री केन्द्रमा बिक्री गरिएको हुनुपर्ने व्यवस्था रहेको छ । कृषकले बिक्री गरेको दुधको गुणस्तर फ्याट कम्तिमा ३ प्रतिशत र एस. एन. एफ. ७ प्रतिशत हुनुपर्ने उल्लेख छ । सहकारी / संकलन केन्द्रबाट सिफारिष भई आएका कृषकहरुको दुध उत्पादन विवरणउपर पशुसेवा शाखाले छानबिन गरी नगरप्रमुखको संयोजकत्वमा रहेको कार्यदल समक्ष पेश गर्नुपर्ने र अनुदानको लागि छनौट भएका कृषकहरुलाई विनियोजित बजेटको परिधिभित्र रही चौमासिक रुपमा सहकारी/संकलन केन्द्रको बैंक खातामा अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ मा नगरपालिका पशुसेवा पूँजीगतर्फबाट रु.५९६४६४७/- र नगरपालिका पूँजीगतबाट रु.११३३९९५/- समेत रु.७०९८६४१.५० विभिन्न १३ सहकारी संस्था र ९ वटा फर्मलाई बैंक खाता मार्फत भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५१.१ पालिकाले उपलब्ध गराएको साना किसान दुध संकलन तथा बिक्री केन्द्रबाट प्राप्त विवरणमा जम्मा ३९५७४९.१ लिटर दुधको फ्याट र एस. एन. एफ. परीक्षण गरेको देखिन्छ । जस अनुसार प्रति लिटर रु.१५/- ले हिसाव गर्दा रु.५९३६२३६/- भुक्तानी दिनु पर्ने र गाउँ सुधार दुग्ध उत्पादक शहकारी संस्था लिमिटेडबाट प्राप्त विवरण अनुसार ६८३७३.४० लिटर दुधको फ्याट र एस. एन. एफ. परीक्षण गरेको थप बिबरण पेश गरेको छ । जस अनुसार प्रति लिटर रु.१५/- ले हिसाव गर्दा रु.१०२५६०१/- गरी जम्मा रु.६९६१८३७/- मात्र भुक्तानी हुनुपर्नेमा निम्नानुसार रु.७०९८६४२/- भुक्तानी गरेको छ । फ्याट र एस. एन. एफ. परीक्षण भएको दुधभन्दा बढी ९१२०.२७ लिटर दुधको प्रति लिटर रु.१५/- ले हुने रु.१३६८०४/- बढी भुक्तानी भएको छ । परीक्षण भएको दुधभन्दा बढी परिमाणको दुधको भुक्तानी भएको सम्बन्धमा पालिकाले यकिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु..

| कार्यक्रम | गो. भौ . नं . | रकम |
|---|---|---|
| नगरपालिका पशुसेवा ( पूँजीगत ) | ४- २०८१ / ९ / २६ | २२७४६५१ |
| नगरपालिका पशुसेवा ( पूँजीगत ) | ५- २०८१ / ११ / २४ | ६१८४५० |
| नगरपालिका पशुसेवा ( पूँजीगत ) | ११- २०८२ / ३ / २५ | ३०७१५४६ |
| नगरपालिका ( पूँजीगत ) | ५७७- २०८२ / ३ / २५ | ११३३९९५ |
| | जम्मा | ७०९८६४२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,८०४ |

५१.२ **दुधको गुणस्तर परीक्षण:-** गल्याङ्ग नगरपालिकाले जारी गरेको दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७६ मा कृषकले बिक्री गरेको दुधको फ्याट कम्तिमा ३ प्रतिशत र एस.एन.एफ. ७ प्रतिशत हुनुपर्ने उल्लेख छ । पालिकाले श्री गाउँ सुधार दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई उक्त संस्थाले विभिन्न ६९ जना किसानबाट संकलित ६८३७३.४० लिटर दुधको प्रति लिटर रु.१५/- को दरले हुने रु.१०२५६०१/- अनुदान भुक्तानी गरेकोमा सो संस्थामा संकलित दुधको कार्यविधिमा उल्लेख भए अनुसारको फ्याट र एस.एन.एफ. परीक्षण गरेको प्रमाण कागजात पेश गरेको छैन । संकलित ६८३७३.४० लिटर दुधको फ्याट तथा एस.एन.एफ. परीक्षण भएको प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा अनुदान रकम उक्त सहकारी संस्थाबाट असुल गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,२५,६०१ |

५१.३

पालिकाले विभिन्न १३ वटा सहकारी संस्था मार्फत दुधको अनुदान रकम भुक्तानी माग भएका किसानहरुलाई भुक्तानी गर्नुपर्ने रकम ती सहकारीहरुको बैंक खातामा पठाएको छ । सहकारीले दुधको अनुदान वापत भुक्तानी गर्नुपर्ने रकम छुट्टै खाता नखोलेको कारण सहकारीको खातामा जम्मा भएको अनुदान रकम मध्ये कति रकम सम्बन्धित दुध उत्पादक किसानलाई भुक्तानी भयो र कति रकम सहकारीकै खातामा मौज्दात रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सक्ने आधार भएन । दुधमा अनुदान दिएको रकम किसानहरुलाई बितरण गरेर बाँकी रहेको रकम पालिकाको संचित कोषमा फिर्ता गर्ने समेत आधार भएन । पालिकाले सहकारी मार्फत अनुदान दिएको रकम किसानले प्राप्त नगरी सहकारीकै खातामा रहेको अवस्थामा उक्त बाँकी रकम पालिकाले फिर्ता प्राप्त गर्ने व्यवस्थाका लागि पालिकाको स्वीकृति बेगर खाता खोल्न बन्द गर्न र संचालन गर्न नमिल्ने एउटा छुट्टै खाता (Parking Account) को व्यवस्था हुनुपर्दछ । उक्त खातामा पालिकाले दुधमा उपलब्ध गराउने अनुदानको रकम मात्र जम्मा गर्ने तर सहकारीको अन्य कारोबार सो खाताबाट गर्न नमिल्ने व्यवस्था हुनु पर्दछ र किसानलाई अनुदान दिएर बाँकी रहेको रकम पालिकाको संचित कोषमा फिर्ता हुने व्यवस्था गर्नुपर्दछ ।

५१.४ पालिकाले दुधमा अनुदान उपलब्ध गराउँदा किसान तथा पशुपालक फारमबाट संकलित दुधको साना किसान दुध संकलन तथा विक्री केन्द्र र गाउँ सुधार दुग्ध उत्पादक शहकारी संस्था लिमिटेडमा फ्याट र एस. एन. एफ. परीक्षण हुने र सोही आधारमा किसानलाई अनुदान उपलब्ध गराउने गरेकोमा साना किसान दुध संकलन तथा विक्री केन्द्रले परीक्षण गरी सिफारिश गरेको व्यहोरा ठीक भए नभएको सम्बन्धमा पालिकाले अनुगमन तथा छड्के परीक्षण गर्ने गरेको पाइएन । जसले गर्दा साना किसान दुध संकलन तथा विक्री केन्द्र र गाउँ सुधार दुग्ध उत्पादक शहकारी संस्था लिमिटेडले सिफारिश गरेको गुणस्तर सम्बन्धमा पालिकाले अनुगमन नै नगरी अनुदान उपलब्ध गराएको मनासिव देखिएन । अत: पालिकाले साना किसान दुध संकलन तथा विक्री केन्द्र र गाउँ सुधार दुग्ध उत्पादक शहकारी संस्था लिमिटेडको दुग्ध परीक्षण गुणस्तर सिफारिश उपर अनुगमन गरी सिफारिश गरेको गुणस्तर र परिमाण यकिन भएर मात्र अनुदान उपलब्ध गराउनु पर्दछ ।

५१.५ पालिकाले उपलब्ध गराएको विवरण अनुसार एउटै पशुपालक फर्म (श्री बिन्दबासिनी कृषि तथा पशुपालन फर्म) ले वर्ष भरिमा ५७७८१ लिटर सम्म दुध उत्पादन गरेको देखाई सोही अनुसार अनुदान भुक्तानी दिएको छ । जस अनुसार दैनिक १५८ लिटर दुध उत्पादन भएको देखियो । यसरी एउटै फर्ममा यति ठुलो परिमाणमा दुध उत्पादन हुन सम्भव हुने-नहुने सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी यकिन गर्नुपर्दछ ।

५२ **फरक बिल/बिजक पेश गरेर भुक्तानी:-**

मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम मुल्य अधिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिइ खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम १७ मा मूल्य अभिबृद्धि करमा दर्ता भएको ब्यक्तिले कुनै बस्तु तथा सेवा आपूर्ति गर्दा प्रापकलाई कर बिजक दिनु पर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमका आपूर्तिकर्ताहरुलाइ रकम भुक्तानी गर्दा फोटोकपी विल/कर विजकको आधारमा रु.३६५२३९/- भुक्तानी गरेकोले सम्बन्धित संस्थाले उक्त भुक्तानीमा मूल्य अभिबृद्धि कर समायोजन गरेको पत्र सहित सक्कल बिल/बिजक पेश गर्नुपर्ने अन्यथा रु.४७४८१/- असुल गर्नुपर्ने रु..

| गो. भौ . नं ./ मिति | खर्चको विवरण | भुक्तानी पाउने संस्था | विल रकम | मु. अ . कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ७- ०८१ / ६ / २१ ( बिपद ) | वडा नं ४ र ५ मा बाटो सरसफाइ कार्य | भट्टराइ निर्माण सेवा | ३६५२३९ | ४७४८१ | बिजक नम्बर उल्लेख नभएको |
| | | | जम्मा | ४७४८१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,४८१ |

५३ **कर विजक प्राप्त नभएको:-**

मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम मुल्य अधिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिइ खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम १७ मा मूल्य अभिबृद्धि करमा दर्ता भएको ब्यक्तिले कुनै बस्तु तथा सेवा आपूर्ति गर्दा प्रापकलाई कर बिजक दिनु पर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमका आपूर्तिकर्ताहरुलाइ रकम भुक्तानी गर्दा कर विजक नम्बर नभएको विलको आधारमा रु.५७९६३३/- भुक्तानी गरेकोले सम्बन्धित संस्थाले उक्त भुक्तानीमा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा रु.७५३५२/- असुल गर्नुपर्ने रु..

| गो. भौ . नं ./ मिति | खर्चको विवरण | भुक्तानी पाउने संस्था | विल रकम | मु. अ . कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६१८- ०८२ / ३ / २५ | ल्यापटप खरिद | आलमदेवी कम्प्युटर | ९९७७९ | १२९७१ | फोटोकपी विलको आधारमा भुक्तानी |
| ६३४- ०८२ / ३ / २५ | ह्युम पाइप/ ग्याविन बक्स खरिद | अर्याल सप्लायर्स | ४७९८५४ | ६२३८१ | फोटोकपी विलको आधारमा भुक्तानी |
| | | जम्मा | ५७९६३३ | ७५३५२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,३५२ |

५४ **सडक सरसफाई तथा स्तरोन्नती खर्च:-**

सार्वजिनक खरिद नियमावली २०६४ को नियम ३१ (१) मा सार्वजनिक निकायले बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेकको छ । त्यसैगरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । यस पालिकाको स्वामित्वमा एक्साभेटर-३ थान ब्याकहोल्ड लोडर-२ थान टिपर-१ थान ट्रयाक्टर-१ थान सडक सरसफाई तथा स्तरोन्नती गर्ने खालका यन्त्र उपकरण तथा सवारी साधन रहेको अबस्थामा पालिका भित्रका विभिन्न वडामा सडक सरसफाई तथा स्तरोन्नती सम्बन्धी कार्य गर्न १४ वटा बाह्य निर्माण व्यवसायी तथा कम्पनीबाट एक्साभेटर लोडर डोजर जे.सि.बि. प्रयोग गरेको जनाई विभिन्न वडाको गरी रु.५०३७४३५/- खर्च लेखेको छ । यसरी बाह्य पक्षबाट सडक सरसफाई तथा स्तरोन्नती गराउँदा कुनै वडामा निर्माण कम्पनीको बिल बमोजिमको भुक्तानी तथा कुनैमा बिल बमोजिमको खर्च र ईन्धन खर्च दुवै पालिकाले व्यहोर्ने गरि संझौता गरेर सोही बमोजिम बाह्य कम्पनीहरुलाई भुक्तानी दिएको छ । पालिकासँग सडक सरसफाई तथा स्तरोन्नती गर्ने एक्साभेटर-३ थान ब्याकहोल्ड लोडर-२ थान भएको अबस्थामा आफुसँग उपलब्ध साधनको उच्चतम प्रयोग गर्नुपर्नेमा आफ्नै साधनबाट गर्न मिल्ने कार्य बाह्य निकायबाट गराई खर्च लेखेको मित्तव्ययी हुने देखिएन । पालिकाले आफुसँग उपलब्ध एक्साभेटर-३ थान ब्याकहोल्ड लोडर-२ अन्यत्र भाडामा लगाएर आफ्नो कार्य बाह्यपक्षबाट गराएको भएमा सो बाट हुने आम्दानी पालिकाको राजश्वमा दाखिला गरेको छैन । यस्तो कार्य गर्दा सरसफाई तथा स्तरोन्नती गर्ने वडा अनुसारका सडकहरुको कामको अनुमानित परिमाण एकिन गरि सार्वजनिक खरिद कानूनको व्यवस्था अनुसार प्रतिष्पर्धा गराएर न्यून लागतमा कार्य गर्नु गराउन पर्नेमा सोझै खरिद गरेर सडक सरसफाई तथा स्तरोन्नतीमा रु.५०३७४३५/- खर्च लेखेको अनियमित देखिएको रु..

| क्र.सं. | मिति | गोश्वारा भौचर नम्बर | वडा नम्बर | भुक्तानी पाउने कम्पनी | भुक्तानी रकम | खर्च शिर्षक/ कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | २०८१/०६/२१ | ७ | ५ | लायन कन्स्ट्रक्सन प्रा. ली . | २६६५८७ | गल्याङ नगरपालिका विपद ब्यबस्थापन कार्यक्रम |
| २ | २०८१/०६/२१ | ७ | १० | आँधीखोला बिल्डर्स प्रा.. ली . | १३१५२३ | ,, |
| ३ | २०८१/०६/२१ | ७ | ४ | भट्टराई निर्माण सेवा | १९१५९० | ,, |
| ४ | २०८१/०८/२३ | ५४ | ५ | स्टार शाईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३९८१६२ | ,, |
| ५ | २०८१/०९/१२ | ६६ | १० | उत्तरबाहिनी एन. जी . ग्रुप अफ कन्स्ट्रक्सन प्रा . ली . | ४१५००५ | ,, |
| ६ | २०८१/०९/१२ | ६६ | ७ | उत्तरबाहिनी एन. जी . ग्रुप अफ कन्स्ट्रक्सन प्रा . ली . | २०८२९ | ,, |
| ७ | २०८१/०९/१२ | ६७ | १० | धमेल बिल्डर्स | ७६३७८ | ,, |
| ८ | २०८१/०९/१२ | ६९ | ८ | धमेल बिल्डर्स | ३५१२२ | ,, |
| ९ | २०८१/०९/२८ | ७४ | १ | अन्जना निर्माण सेवा | १२३५२१ | ,, |
| १० | २०८१/०९/२८ | ७४ | १० | एच.एल.कन्स्ट्रक्सन | ११९४०७ | ,, |
| ११ | २०८१/०९/२८ | ८५ | ४,८,७,२,१०,९ | ऋतिक रोशन कन्स्ट्रक्सन एण्ड सप्लायूर्स प्रा.लि. | १७१४३०९ | ,, |
| १२ | २०८१/१०/३० | १०७ | | स्टार शाईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १०८४६३ | ,, |
| १३ | २०८१/११/०४ | ११२ | | उत्तरबाहिनी एन. जी . ग्रुप अफ कन्स्ट्रक्सन प्रा . ली . | १४५९२ | ,, |
| १४ | २०८१/०८/१९ | ४९ | | डाइनामिक हेभी इक्युपमेन्ट्स प्रा.लि. | ३४१६२५ | ,, |
| १५ | २०८१/०८/२३ | ५४ | ५ | स्टार शाईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३९८१६२ | ,, |
| १६ | २०८१/०९/२९ | ७७ | ४ | जे. एस . कन्स्ट्रक्सन | १७४१९९ | ,, |
| १७ | २०८१/१०/२९ | १०२ | | ऋतिक रोशन कन्स्ट्रक्सन एण्ड सप्लायूर्स प्रा.लि. | २९९९९९ | ,, |
| १८ | २०८१/१०/३० | १०७ | | स्टार शाईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १०८४६३ | ,, |
| १९ | २०८२/०३/२५ | ५७८ | | बस्याल ब्रदर्श | ७५००० | ,, |
| २० | २०८२/०३/२१ | ५२३ | | गल्याङ पेट्रोलियम सप्लायर्स | २४४९९ | ,, |
| | | | | **जम्मा** | **५०३७४३५** | |

वर्षातको समयमा र धेरै स्थानमा एकैपटक सडक सफाई गर्नुपरेको अबस्थामा पालिकामा उपलब्ध साधनले मात्र काम गर्न सम्भब नहुने कारण बाह्यपक्षबाट काम गराउनुपरेको पालिकाले जनाएको छ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१३,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९२६,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५६,६३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ५०,३७,४३५ |

५५ **ईन्धन खर्च :-**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष रु.२९९३९३२/- इन्धन शीर्षकमा खर्च लेखेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पालिकामा एक्साभेटर ३ थान व्याकहोलोडर २ थान टिप्पर १ थान ट्याक्टर १ थान स्कारपियो जीप १ थान बोलेरो पिकअप १ थान बोलेरो जीप १ थान मोटरसाइकल ३८ थान र स्कुटर ४ थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । जसले गर्दा इन्धन खर्चमा पालिकाले मितव्ययिता अपनाएको छ भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन । इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाई खर्च लेख्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

५६ **कुर्सी खरिद :-** (४५०-२०८२/०३/२५-):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४९२,२०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **छाता खरिद तथा वितरण :-** (४२८-२०८२/३/२५-):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को दफा ३६ (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उप्रमुखसँग शिक्षक कार्यक्रम अन्तर्गत सन्जिल स्टोर्ससँग ७०० थान छाता खरिद गरी रु.२९९७५३/- भुक्तानी गरेको छ । खरिद गरिएका छाता जिन्जी दाखिला गरेको छैन भने ४१८ थान छाता शिक्षकहरुलाई वितरण गरेको विवरण पेश गरेको छ । बाँकी २८२ थान छाता वितरण पनि नगरेको र हालसम्म जिन्सी दाखिला पनि नगरेकोले बाँकी छाताको अवस्था सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले आवस्यकता पहिचान बेगर आवस्यक भन्दा बढी परिमाणमा छाता खरिद गरेको देखाई खर्च गरेको देखियो ।यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले खरिद गरेका ७०० थान छाता पालिकाको जिन्सी खातामा दाखिला गरेर बाँकी रहेका २८२ थानको रु.४४९.७४ का दरले रु.१२६८२७/- को अवस्थाको प्रमाण पेश गर्नु पर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२६,८२७ |

५८ **रुख कटान मेशीन:-** (३७९-२०८०/०३/११-):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को दफा ३६ (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा स्तरीय कृषि प्रवर्तन अन्तर्गतको बाँदर नियन्त्रण कार्यक्रमबाट ओम मेशीनरी एण्ड टुल्स स्टोर (६०१५१८०१६) सँग मू. अ. कर समेत रु.१४८१४८.७५ मा रुख कटान मेशीन खरिद गरेको छ । खरिद गरेको मेशीन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला नगरी म्यानुअल दाखिला गरेको छ भने उक्त मेशीन कहाँ कसलाई हस्तान्तरण गरेको हो सोको भरपाई समेत सम्लग्न गरेको छैन । खरिद गरिएको मेशीन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गरी सो मेशिनको अवस्था खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४८,१४९ |

५९ **सक्कल बिल पेश:-**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को दफा ३६ (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार भुक्तानीमा फोटोकपी बिल संलग्न गरी खर्च लेखेकोले सम्बन्धित आपूर्तीकर्ताको मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ . नं . | विवरण | आपूर्तीकर्ताको नाम | रकम |
|---|---|---|---|
| ३२- २०८१ / ०६ / ३० | बजेट किताव तथा अन्य पुस्तक छपाई | फिस्टेल पब्लिकेशन प्रा. लि . | ८०००० |
| २२५-२०८१/१२/२० | | एलिसा ईन्जिनियरिङ कन्सल्टेन्सी | १५००० |
| | | जम्मा | ९५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,००० |

६० **निर्माण कार्यको भेरिएसन:-**

सार्वनिक खरिद ऐन २०६३ को दफा ५४ (१) मा खरिद संझौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिती संझौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले तोकिएको कार्यबिधि अपनाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गत Construction of Ward Office Building for Galyang Municipality Ward Number-5 को निर्माण गर्न निर्माण व्यवसायी Deepdarshan Builders and Suppliers Pvt. Ltd. (603549207) संग ठेक्का नम्बर GM/SYA/NBC/Works/16/2079/80 बाट मिति २०८१/०३/०६ सम्म कार्य सम्पन्न गर्ने गरी मूल्य अभिबृद्धि कर सहित रु.१७८६०८७३/- मूल्यको मिति २०८०/०३/०७ मा संझौता गरेकोमा शुरु संझौताको अबधिमा कार्य सम्पन्न नभई २ पटक गरेर मिति २०८२/०२/३० सम्म म्याद थप गरि कार्य सम्पन्न गरेको छ । उक्त निर्माण कार्यको कार्य सम्पादनका क्रममा भवन निर्माणाधिन स्थलको जग्गालाई थप संरक्षण गर्नुपरेको कारण जनाई भवन निर्माणको लागत अनुमानमा समावेश भएका फर्निचर आईटमहरुलाई घटाएर प्रोटेक्सन वालको काम गर्न भेरिएसन आदेश स्वीकृत गरेर शुरु संझौताको मूल्यमा रु.१७६९१९.७९ घटी गरि रु.१७६८३९५३.२२ मूल्य कायम गरेको छ । उक्त निर्माण कार्यको भेरिएसन आदेश स्वीकृत गराई शुरु संझौताको कामको ११० आईटम मध्ये ३० आटमको रु.३१३८२१७.४० कम र ३३ आईटमको रु.२९६१२९७.६१ गरी समग्रमा शुरु संझौताको मूल्य भन्दा रु.१७६९१९.७९ कम मूल्य कायम गरि कार्य गराएकोले संझौतामा तोकिए अनुसारको भवन निर्माणको काम भएको र निर्माण भएको भवनको तोकिएको गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिका एकिन हुनु पर्दछ ।

६१ **घटी कार्यमा योजना फरफारक:-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ (२.क.) मा निर्माण कार्य सम्बन्धी योजनाहरुमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उदेश्य अनुरुप योजना सञ्चालनमा आएको अवस्था भएमा कार्य स्वीकार गर्न सकिने व्यवस्था रहेको छ । यस पालिकाले देहाय अनुसारका योजनाहरुको लागत अंक अनुसारको कार्य उपभोक्ता समिति मार्फत सम्पादन गर्न सम्झौता गरेकोमा कुल लागत अंकको ५० प्रतिशत भन्दा कम कार्य सम्पादन गरेकै अबस्थामा योजना फरफारक गरेको छ । यसरी कार्य सम्पादन गर्न नसक्ने उपभोक्ता समितिसँग योजनाको कार्यसम्पादन सम्झौता गर्नाले पालिकासँग उपलब्ध बजेट रोकिएर बस्दा सम्पादन हुन सक्ने अन्य थप योजनाहरुमा बजेट अभाव हुने अबस्था सिर्जना भएको छ भने तोकिएको समयमा कार्यसम्पदान हुन नसक्दा पालिकाको लक्ष्य अनुसार पुर्वाधार विकासको प्रगती समेत हाँसिल हुन सकेको देखिएन । यसरी योजना सञ्चालनको संझौता गरेर वर्षान्त सम्म पनि ५० प्रतिशत भन्दा घटी काम गर्ने उपभोक्ता समिति र योजना फरफारक गर्ने दुवै पक्षलाई जिम्मेबार बनाई आगामी दिनमा यस्ता उपभोक्ता समितिसँग योजना सञ्चालनको संझौता गर्नु हुँदैन । अत: पालिकाले कार्यसम्पन्न गर्न नसक्ने योजनाहरुमा बजेट होल्ड गरेर राख्ने परिपाटीको अन्त्य गर्दै तोकिएको अबधिमा कार्यसम्पन्न गर्न सक्ने उपभोक्ता समितिसँग मात्र योजना सञ्चालनको सम्झौता गरेर संझौता अनुसारको सम्पूर्ण काम समयमै सम्पादन गरी योजना फरफारक गर्नु गराउनु पर्दछ ।

| क्र. सं. | कामको विवरण | उपभोक्ता समितिको नाम | लागत अनुमान | कार्य सम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | गल्याङ वजारमा रेलिङ तथा सिढीं निर्माण | गल्याङ वजारमा रेलिङ तथा सिढीं निर्माण उ. स . | ३७४५२० | १७०९४७ | १५३८५२ |
| २ | पेलाकोट भलिवल निर्माण तारजाली कार्यक्रम | पेलाकोट भलिवल निर्माण तारजाली कार्यक्रम उ . स . | ४२७३२८ | २५२१५३ | २२६९३८ |
| ३ | सिस्नेरी खानेपानी योजना | सिस्नेरी खानेपानी योजना उ . स . | २१३३६६ | १३३२६२ | ११९९१८ |
| ४ | राता माटा गौडा खोल्सा भल व्यवस्थापन | राता माटा गौडा खोल्सा भल व्यवस्थापन उ . स . | ३२००३२ | २२२८७४ | २००५८७ |
| ५ | जनजागृति आमा समुह भवन निर्माण | जनजागृति आमा समुह भवन निर्माण उ . स . | ९६२६७८ | ३४०७१९ | ३०६६४७ |
| ६ | मलङ्गा सामुदायिक वन उपभोक्ता समिति | मलङ्गा सामुदायिक वन उ . स . | १०७६०५६ | ६६०३६१ | ५९४३२५ |
| ७ | दुर्गा भगवती मन्दिर परिसर भित्र निर्माण योजना | दुर्गा भगवती मन्दिर परिसर भित्र निर्माण योजना उ. स . | ७४६८१६ | ४१०८०४ | ३६९७२४ |

६२ **सडक बत्ती जडान:-** (९२-२०८१/१०/१५-):

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । गल्याङ्ग नगरपालिकाले ६५ प्रतिशत र नेपाल विद्युत प्राधिकरणले ३५ प्रतिशत व्यहोर्नेगरी संयुक्त लगानीमा गल्याङ्ग नगरपालिका भित्रका मूख्य सडकहरुमा आधुनिक सडकबत्ती जडान गर्न मिति २०८०/०७/०१ मा भएको द्विपक्षीय सहमतीपत्र अनुसार नेपाल विद्युत प्राधिकरणलाई यो वर्ष रु.१७३५३७६/- पेश्की भुक्तानी दिएको छ । गल्याङ्ग नगरपालिका र नेपाल विद्युत प्राधिकरणबिच भएको सहमतिपत्रको बुँदा नम्बर २ मा सडक बत्ती केबुल पोल क्रस आर्म लगायतका सामाग्रीहरुको संख्या एकिन गरि तयार गरिएको मूल्य अभिबृद्धि कर सहितको लागत अनुमान रकम रु.५३३९६१८/- रहेको र बुँदा नम्बर १ मा लागत रकमको ५० प्रतिशत रकम सहमतिपत्रमा हस्ताक्षर पश्चात र बाँकी ५० प्रतिशत लागत रकम बोलपत्र मार्फत छनैट हुने निर्माण व्यवसायीसँग करार संझौता गर्नुपूर्व नगरपालिकाले नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउनुपर्ने सर्त अनुसार नगरपालिकाले व्यहोर्ने अंश रु.३४७०७५२/- को ५० प्रतिशत रु.१७३५३७६/- गो.भौ.नं.३० मिति २०८०/०७/०३ बाट आ.व. २०८०/८१ मा नैं भुक्तानी भैसकेकोमा पालिकाले भुलबस खर्च जनिएकोले पेश्की कायम गरिने जनाएको छ । उक्त कार्यको हालसम्म कुनै ठेक्का प्रक्रिया समेत अगाडी नबढेको अबस्थामा कुनै पेश्की ग्यारेन्टी समेत नराखी पालिकाले व्यहोर्ने पुरै रकम रु.३४७०७५२/- नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी दिएको छ । उक्त सडक बत्ती जडान कार्य अन्तर्गत पालिकाको कुन-कुन क्षेत्रमा कति ठाउँमा कति थान पोल राख्ने पोलको साईज के हुने कति क्षमताका र कुन गुणस्तरका बत्ति राख्ने सडक बत्ती जडान पश्चात पालिकाले विद्युत महशुल भुक्तानी गर्नुपर्ने नपर्ने जडान पश्चात मर्मतको जिम्मा कसको हुने लगायतका व्यहोराहरु द्विपक्षीय सहमतिपत्रमा खुलाएको छैन । त्यसैगरी सडक बत्ती जडान कार्य कहिले शूरु हुने र कुन मितिमा कार्यसम्पन्न हुने सो व्यहोरा समेत खुलाएको छैन भने सहमतिपत्रको बुँदा नम्बर ४ मा जडान गरिएका सडक बत्तीको संरचना अन्तर्गत बिजुलीको पोल तार सडक बत्ती लगायत वितरण प्रणाली नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहने व्यहोरा उल्लेख गरेको छ । संझौतापत्रको बुँदा नम्बर २ मा उक्त सडक बत्ती जडान कार्यको खरिद प्रक्रिया सम्बन्धी सम्पूर्ण काम नेपाल विद्युत प्राधिकरणले गर्ने व्यवस्था गरेकोमा खरिद प्रक्रियाको प्रगती सम्बन्धमा हालसम्म कुनै जानकारी नरहेको पालिकाले जनाएको छ । यसरी सडक बत्ति जडानको स्पष्ट व्यहोरा खुल्ने लागत अनुमान तयार नगरेको सडक बत्ति जडान कार्य कहिले सम्पन्न हुने सो व्यहोरा खुल्नेगरी कुनै संझौता नभएको पालिकाले ६५ प्रतिशत रकम व्यहोरेर खरिद गरेको सडक बत्तिको संरचना नेपाल विद्युत प्राधिकरणको स्वामित्व हुनेगरी संझौतापत्रमा हस्ताक्षर गरेको सडक बत्ती जडानको कार्य प्रारम्भ नैं नभै पालिकाले व्यहोर्ने पुरै रकम रु.१७३५३७६/- पेश्कीको रुपमा भुक्तानी दिएकोले भुक्तानी भएको रकमबाट समयमै कार्य सम्पन्न हुने सम्बन्धमा पालिका एकिन हनु पर्दछ । यसरी भुक्तानी दिएको रकमबाट समयमै कार्य सम्पन्न गरी पेश्की फर्स्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १७,३५,३७६ |

६३ **जिन्सी दाखिला:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ८३ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्याबधिक गर्नु गराउनुपर्नेछ भन्ने ब्यबस्था रहेको छ । पालिकाले देहाय बमोजिम सामाग्रीहरुको खरिद वापत विभिन्न मितिमा रकम रु.१२८५५६८/- भुक्तानी गरेको छ । कतिपय सामाग्रीहरु वडा कार्यालयको लागि खरिद गरेको भन्ने कार्यालयको भनाइ रहेको छ तर खरिद गरिएका सामाग्रीको पालिकामा मा जिन्सी दाखिला भएको विवरण पेश भएन।जिन्सी दाखिला नगर्दा सामाग्रीहरुको वास्तविक अवस्था एकिन गर्न नसकिने हुँदा खरिद गरिएका सामाग्रीको ब्रान्ड मोडल स्पेसिफिकेशन र मु.अ. कर सहितको मुल्य खुल्ने विवरण जिन्सीमा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु..

| गो. भौ . नं ./ मिति | सामानको नाम | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| ४१०- ०८२ / ३ / १२ | प्रिन्टर | १ | २८८१५ | २८८१५ |
| | डेक्सटप | १ | ६८१३९ | ६८१३९ |
| ५८९- ०८२ / ३ / २५ | ल्यापटप खरिद | १ | ९८००० | ९८००० |
| ४९९- ०८२ / ३ / २० | ल्यापटप खरिद | १ | ९९७७९ | ९९७७९ |
| | ल्यापटप खरिद | २ | ९८००० | १९६००० |
| ५९९- ०८२ / ३ / २५ | ल्यापटप खरिद | १ | ९८५०० | ९८५०० |
| ५१७- ०८२ / ३ / २५ | ल्यापटप खरिद | ३ | ७९१०० | २३७३०० |
| | प्रिन्टर | ३ | २०६७९ | ६२०३७ |
| ६०८- ०८२ / ३ / २५ | ल्यापटप खरिद | १ | ९९७७९ | ९९७७९ |
| ६१८- ०८२ / ३ / २५ | ल्यापटप खरिद | १ | ९९७७९ | ९९७७९ |
| २२- २०८१ / ०७ / ०७ | MS Rack | ३ | १३५६० | ४०६८० |
| २२- २०८१ / ०७ / ०७ | अफिस दराज | १ | २७१२० | २७१२० |
| २२- २०८१ / ०७ / ०७ | टि. टेबल | २ | ५६५० | ११३०० |
| २२- २०८१ / ०७ / ०७ | रिभल्भिङ्ग कुर्सी | २ | १०१७० | २०३४० |
| २७- २०८१ / ०७ / १२ | ट्र्याक सुट | ७५ | १३०७ | ९८००० |
| | जम्मा | | | १२८५५६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,८५,५६८ |

६४ **पन्ध्र शैयाको अस्पत्ताल निर्माण:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिका अन्तर्गत १५ शैयाको अस्पत्ताल भवन निर्माण गर्न निर्माण व्यसायी Synergy Shankar Devi (615964135) संग ठेक्का नम्बर GM/SYA/WORKS/2077-078/NCB/04 बाट मिति २०८०/०२/३० सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७९/०७/१७ मा मु.अ.कर सहित रु.११५११५२३२/- को संझौता गरेको छ । उक्त ठेक्काको दोश्रो पटक म्याद थप गरि २०८२/१२/३० सम्म म्याद थप भै शुरु संझौता मितिबाट हालसम्म ५१ महिना र शुरु संझौता अनुसार म्याद सकिएको २७ महिना अर्थात २०० प्रतिशत भन्दा बढी समय व्यतित भैसक्दा हालसम्म रु.४३७३५८०४/- भुक्तानी भई जम्मा ३८ प्रतिशत मात्र प्रगती भएको देखिन्छ । निर्माण व्यवसायीसँग समन्वय गरी लागत मित्तव्ययी हुनेगरी समयमै कार्य सम्पन्न गरेर भवन प्रयोगमा ल्याउने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

६५ **प्रशासकीय भवनको छत मर्मत:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाको प्रशासीय भवन निर्माण गर्न निर्माण व्यसायी Lama-Nawa Kantipur Construction Pvt. Ltd. Jv (613601982) संग ठेक्का नम्बर GM/SYA/NBC/BC/2076-077/NCB-09 बाट मिति २०७९/०३/२२ सम्म कार्य सम्पन्न गर्ने गरी मूल्य अभिबृद्धि कर र पिएस आईटम बाहेक रु.७४१५१८८७/- रकमको मिति २०७७/०५/२८ मा संझौता गरेको छ । उक्त निर्माण कार्यको मिति २०७८/०९/२९ मा भेरिएसन आदेश स्वीकृत गरेर मूल्य अभिबृद्धि कर र पिएस आईटम बाहेक रु.८४८८४११६/- संझौता रकम कायम गरेको छ । शुरु संझौताको अबधिमा कार्य सम्पन्न नभई मिति २०८०/११/१३ को निर्णयले छैठौं पटक मिति २०८१/०१/१५ सम्म म्याद थप गरेको छ । उक्त निर्माणकार्यको हालसम्म जम्मा रु.९५६०१८५७/- भुक्तानी भएको र अन्तिम बिल बापतको रु.३१७१९४/- भुक्तानी दिन बाँकी रहेको पालिकाले जनाएको छ । उक्त भवनको अन्तिम बिल भुक्तानी नभएको, कार्य स्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन तयार नभएको र त्रुटी सच्याउने अबधि पनि बाँकी रहेकै अबस्थामा उक्त भवन र भवनको संरचनामा केहि समस्या आईपरेमा सो कार्य शुरु संझौता भएको निर्माण व्यवसायी Lama-Nawa Kantipur Construction Pvt. Ltd. Jv (६१३६०१९८२) कै दायित्व भित्र पर्ने हुन्छ । पालिकाले उक्त भवनको छतमा ढलान नमिलेकोले पानी जमेको कारण कोरा मसिनाको कार्य गर्नु परेको जनाई भवन निर्माणको शुरु संझौता भएको निर्माण व्यवसायी भन्दा फरक निर्माण व्यवसायी धमेल बिल्डर्स प्रा.लि. (६०९८४२८१४) सँग मिति २०८१/०४/०१ मा संझौता गरी २०८१ पौष मसान्तमा कार्यसम्पन्न गरेर रु.४४४६१०/- भुक्तानी गरेको छ । भवन निर्माणको शुरु संझौतामा कोरामसिनाको कार्य छुट्टै परिमाणको रुपमा नखुलाईएतापनि कोरामसिना लगायतको कार्य समग्र भवन निर्माणमाको मूख्य कार्य भएकाले भवनमा शूरु संझौता भन्दा फरक र छुट्टै कोरा मसिनाको कार्य गरेको भन्न मिल्ने अबस्था देखिंदैन । अत: भवनको छतमा ढलान नमिलेकोले पानी जमेको कारण कोरा मसिनाको कार्य गर्नु परेको जनाई भवन निर्माणको शुरु संझौता भएको निर्माण व्यवसायी भन्दा फरक निर्माण व्यवसायीबाट कार्य गराउँदा पालिकालाई थप ब्ययभार परेकोले भवन निर्माणको ठेक्का फरफारक नैं भै नसकेको अबस्थामा सोही भवनमा अर्कै निर्माण व्यवसायीबाट भवन संरक्षणको कार्य गराई रु.४४४६१०/- थप खर्च गरेको रकम भवन निर्माणको शुरु संझौता गरेको निर्माण व्यबसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४४,६१० |

६६ **प्रशासकीय भवन संरक्षण:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाको प्रशासकीय भवन निर्माण गर्न निर्माण व्यवसायी Lama-Nawa Kantipur Construction Pvt. Ltd. Jv (613601982) सँग ठेक्का नम्बर GM/SYA/NBC/BC/2076-077/NCB-09 बाट मिति २०७९/०३/२२ सम्म कार्य सम्पन्न गर्ने गरी मूल्य अभिबृद्धि कर र पि.एस. आईटम बाहेक रु.७४१५१८८७/- रकमको मिति २०७७/०५/२८ मा संझौता गरेको छ । उक्त निर्माण कार्यको मिति २०७८/०९/२९ मा भेरिएसन आदेश स्वीकृत गरेर मूल्य अभिबृद्धि कर र पि.एस. आईटम बाहेक रु.८४८८४११६/- संझौता रकम कायम गरेको छ । शुरु संझौताको अबधिमा कार्य सम्पन्न नभई मिति २०८०/११/१३ को निर्णयले छैठौं पटक मिति २०८१/०१/१५ सम्म म्याद थप गरेको छ । उक्त निर्माण कार्यको हालसम्म जम्मा रु.९५६०१८५७/- भुक्तानी भएको र अन्तिम बिल बापतको रु.३१७१९४/- भुक्तानी दिन बाँकी रहेको पालिकाले जनाएको छ । उक्त भवनको संझौता अनुसारको कार्यमा ग्याबिन जाली तथा ढुँगाको पर्खाल तथा जियो टेक्सटायलबाट निर्माणाधिन भवनको संरक्षण र एप्रोच सडक ढलान लगायत मूल्य अभिबृद्धि कर सहित रु.१०७३६८१७/- को कार्य गर्न भेरिएसनबाट थप जिम्मेबारी दिएको छ । उक्त भवनको अन्तिम बिल भुक्तानी नभएको, कार्य स्वीकार प्रतिवेदन तयार नभएको र त्रुटी सच्याउने अबधि पनि बाँकी रहेकै अबस्थामा उक्त भवनको संरक्षण कार्य गर्नु परेको जनाई Protection Works for Administrative Building को कार्य गर्न निर्माण ब्यबसायी Gejha Kalika Construction सँग मिति २०८१/०७/२६ मा संझौता गरी कार्य गराएर मिति २०८२/०२/२५ मा रु.४१०५६००/- भुक्तानी गरेको र उक्त संरक्षण कार्यको कार्य स्वीकार प्रतिवेदन समेत जारी गरेको छ । पालिकाको कार्यालय भवन निर्माण गर्न Lama-Nawa Kantipur Construction Pvt. Ltd. JV (613601982) सँग भएको संझौता अनुसारको कार्य समाप्त तथा

कार्य स्वीकार र कार्यसम्पन्न नैं नभै त्रुटी सच्याउने अबधि समेत बाँकी रहेको अबस्थामा Protection Works for Administrative Building कार्यको संझौतामा समावेश भएको भवनको संरक्षण कार्य भवनको शुरु ठेक्काको नैं मूख्य कार्य भएकोले उक्त काम Lama-Nawa Kantipur Construction Pvt. Ltd. Jv (613601982) बाट नैं गर्नु गराउनु पर्नेमा भवन निर्माणको ठेक्का फरफारक नैं भै नसकेको अबस्थामा सोही भवनमा अर्कै निर्माण व्यवसायीबाट भवन संरक्षणको कार्य गराई थप खर्च गरेका कारण पालिकालाई थप ब्ययभार पर्नेगरी कार्य गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,०५,६०० |

६७ **खरिद संझौताको कार्यान्वयनः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१.ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संझौता बमोजिमको काम सो संझौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वनजिक निकायलाई संझौता रकमको १० प्रतिशतमा नबढ्नेगरी प्रतिदिन सून्य दशमलब सून्य पाँच प्रतिशत पुर्व निर्धारित क्षितपूर्ती दिनुपर्ने र नियम १२१ (ग) मा पुर्वनिर्धारित क्षतिपुर्ती तिर्नुपर्ने अधिकतम समय अबधि भित्र पनि कार्य सम्पन्न नभएमा खरिद संझौता अन्त्य गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (ग) मा खरिद संझौता कार्यान्वयन गर्दा सारभुत त्रुटी गरेको वा संझौता अनुसारको दायित्व सारभुत रुपमा पालना नगरेको वा खरिद संझौता बमोजिमको कार्य सो संझौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा निर्माण व्यवसायीलाई निजको कार्यको गम्भिरताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राख्नसक्ने व्यवस्था रहेको छ । यस पालिकाको प्रशासीय भवन निर्माण गर्न निर्माण व्यवसायी Lama-Nawa Kantipur Construction Pvt. Ltd. Jv (613601982) संग ठेक्का नम्बर GM/SYA/NBC/BC/2076-077/NCB-09 बाट मिति २०७९/०३/२२ सम्म कार्य सम्पन्न गर्ने गरी मूल्य अभिबृद्धि कर र पिएस आईटम बाहेक रु.७४१५१८८७/- रकमको मिति २०७७/०५/२८ मा संझौता गरेको छ । उक्त निर्माण कार्यको मिति २०७८/०९/२९ मा भेरिएसन आदेश स्वीकृत गरेर मूल्य अभिबृद्धि कर र पि.एस. आईटम बाहेक रु.८४८८४११६/- संझौता रकम कायम गरेको छ । शुरु संझौताको अबधिमा कार्य सम्पन्न नभई मिति २०८०/११/१३ को निर्णयले छैठौं पटक मिति २०८१/०१/१५ सम्म म्याद थप गरेकोमा पुन म्याद थप गरि मिति २०८१/०२/३० सम्म कायम गरेको पालिकाले जनाएको छ । उक्त निर्माण कार्यको हालसम्म जम्मा रु.९५६०१८५७/- भुक्तानी भएको र अन्तिम बिल बापतको रु.३१७१९४/- भुक्तानी दिन बाँकी रहेको पालिकाले जनाएको छ । उक्त भवनको संझौता अनुसारको कार्यमा ग्याबिन जाली तथा ढुँगाको पर्खाल तथा जियो टेक्सटायलबाट भवनको संरक्षण र एप्रोच सडक ढलान गर्न मूल्य अभिबृद्धि कर सहित रु.१०७३६८१७/- को कार्य गर्न भेरिएसनबाट थप जिम्मेबारी दिएको छ । जसले गर्दा उक्त भवनको संशोधित संझौता अंक मूल्य अभिबृद्धि कर सहित रु.१०६६५५८६८/- कायम भएको छ । उक्त भवनको अन्तिम बिल भुक्तानी नभएको कार्य स्वीकार प्रतिवेदन तयार नभएको र त्रुटी सच्याउने अबधि पनि बाँकी रहेकै अबस्थामा उक्त भवनको संरक्षण कार्य गर्नु परेको जनाई Protection Works for Administrative Building को कार्य गर्न निर्माण ब्यबसायी Gejha Kalika Construction सँग मिति २०८१/०७/२६ मा संझौता गरी कार्य गराएर मिति २०८२/०२/२५ मा रु.४१०५६००/- भुक्तानी गरेको साथै सोही भवनको अन्तिम बिल भुक्तानी नभएको कार्य स्वीकार प्रतिवेदन तयार नभएको र त्रुटी सच्याउने अबधि पनि बाँकी रहेकै अबस्थामा उक्त भवनको छतमा ढलान नमिलेकोले पानी जमेको कारण कोरा मसिनाको कार्य गर्नु परेको जनाई धमेल बिल्डर्स प्रा.लि. (६०९८४२८१४) सँग मिति २०८१/०४/०१ मा संझौता गरी २०८१ पौष मसान्तमा कार्यसम्पन्न गरेर रु.४४४६१०/- भुक्तानी गरेको सहित भवन संरक्षणमा रु.४५५०२१०/- थप खर्च गरेको छ । यसरी निर्माण व्यवसायीले तोकिएको म्यादमा निर्माण कार्य सम्पन्न गर्न नसकेको, संझौताको म्याद थप नगरेको र निर्माण कार्य सम्पन्न नहुँदै अन्य निर्माण व्यवसायीबाट थप कार्य समेत गराएकोले यस सम्बन्धमा सार्वजनिक खरिद कानूनमा भएका व्यवस्थाको कार्यान्वयन गर्दै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा भएको व्यवस्था अनुसार संशोधित संझौता अंक रु.१०६६५५८६८/- को दैनिक शून्य दशमलब शून्य पाँच प्रतिशतमा दश प्रतिशत नबढ्नेगरी हुने रकम गणना गर्दा रु.१०६६५५८७/- पुर्ब निर्धारित क्षतिपुर्ती हुने देखिन्छ । उक्त निर्माण कार्यको निर्माण व्यवसायीले संझौता बमोजिमको सम्पूर्ण निर्माण तथा खरिद कार्य सम्पन्न भैसकेको हुँदा आवश्यक प्राविधिक जाँच गराई नियम अनुसार अन्तिम बिल भुक्तानी पाउँ भनि कर बिजक सहित मिति

२०८१/०२/१८ मा यस पालिका समक्ष निवेदन दिएको तर हालसम्म कुनै नापि किताव, कार्य स्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश भएको छैन । उक्त निर्माण कार्यको प्रचलित खरिद कानून अनुसार आवश्यक प्रक्रिया पुरा गरी पालिकाले ठेक्का सम्पन्न गर्नुपर्दछ ।

६८ **प्रशाकीय भवन निर्माण:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाको प्रशासीय भवन निर्माण गर्न निर्माण व्यसायी Lama-Nawa Kantipur Construction Pvt. Ltd. Jv (६१३६०१९८२) संग ठेक्का नम्बर GM/SYA/NBC/BC/2076-077/NCB-09 बाट मिति २०७९/०३/२२ सम्म कार्य सम्पन्न गर्ने गरी मूल्य अभिबृद्धि कर र पि.एस. आईटम बाहेक रु.७४१५१८८७/- रकमको मिति २०७७/०५/२८ मा संझौता गरेको छ । उक्त निर्माण कार्यको मिति २०७८/०९/२९ मा भेरिएसन आदेश स्वीकृत गरेर मूल्य अभिबृद्धि कर र पि.एस. आईटम बाहेक रु.८४८८४११६/- संझौता रकम कायम गरेको छ । शुरु संझौताको अबधिमा कार्य सम्पन्न नभई मिति २०८०/११/१३ को निर्णयले छैठौं पटक मिति २०८१/०१/१५ सम्म म्याद थप गरेको छ । उक्त निर्माण कार्यको हालसम्म जम्मा रु.९५६०१८५७/- भुक्तानी भएको र अन्तिम बिल बापतको रु.३१७१९४/- भुक्तानी दिन बाँकी रहेको पालिकाले जनाएको छ । उक्त भवनको संझौता अनुसारको कार्यमा ग्याबिन जाली तथा ढुँगाको पर्खाल तथा जियो टेक्सटायलबाट भवनको संरक्षण र एप्रोच सडक ढलान गर्न मूल्य अभिबृद्धि कर सहित रु.१०७३६८१७/- को कार्य गर्न भेरिएसनबाट थप सहित संशोधित संझौता अंक मूल्य अभिबृद्धि कर सहित रु.१०६६५५८६८/- कायम भएको छ । उक्त भवनको अन्तिम बिल भुक्तानी नभएको कार्य स्वीकार प्रतिवेदन तयार नभएको र त्रुटी सच्याउने अबधि पनि बाँकी रहेकै अबस्थामा भवनको संरक्षण कार्यमा अन्य निर्माण व्यवसायीबाट कार्य गराई रु.४५५०२१०/- थप खर्च समेत गरेको देखिन्छ । उक्त तीन तले भवनमा जडान गरेको लिफ्ट चालु हालतमा नरहेको, वर्षातको समयमा दोश्रो तलामा नैं पानी चुहिएको कारण त्रिपाल राखेर काम गर्नुपरेको, संझौता अनुसारको त्रुटी सच्याउने अबधि समाप्त नहुँदै ग्याबिन जाली, वाल लगायत भवन संरक्षणको थप कार्य अन्य निर्माण ब्यबसायीबाट गर्नु गराउनु परेको, छतमा पानी जमेर समस्या भई अन्य निर्माण ब्यबसायीबाट थप संरक्षण कार्य गर्नुपरेको, निर्माण गरिएको प्रशासकिय भवनसम्म पुग्ने एप्रोच सडक बनाउने कार्य भेरिएसनबाट थप गरेकोमा भवन परिसर सम्म पुग्ने एप्रोच सडक कालोपत्रे तथा ढलान भएको नदेखिएको अबस्थाले गर्दा शुरु संझौता अनुसारका कार्य, भेरिएसनबाट थप भएका कार्यहरु र भवन संरक्षण लगायतमा गरिएका थप कार्यहरु मध्ये सबै कार्य सम्पन्न भए नभएका र भवन निर्माणमा संझौताका सर्त अनुसार र तोकिएको गुणस्तरको कार्य भए नभएको सम्बन्धमा भौतिक, प्राविधिक र भुक्तानीको दृष्टिकोणबाट कार्यालय एकिन हुनुपर्ने देखिन्छ ।

६९ **पि.एस.आईटमको भुक्तानी:-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले Construction of Galyang-Kurunche-Nibuwa Kharcha-Mohan Dada Road at Galyang Municipality निर्माण गर्न निर्माण व्यसायी Loyal Construction A.T. Builders Waling (६२०९८८१०२) सँग ठेक्का नम्बर GM/SYA/NBC/Works/08/2080/081 बाट मिति २०८१/०४/०९ सम्म कार्य सम्पन्न गर्ने गरी मुअकर सहित रु.१७३९७१५६/- लागत अनुमान राखेर मिति २०८०/११/०९ मा संझौता गरेकोमा शुरु संझौताको अबधिमा कार्य सम्पन्न नभई मिति २०८२/०८/३० सम्म म्याद थप गरेको छ । उक्त निर्माण कार्यको चारवटा रनिङ्ग बिलबाट हालसम्म जम्मा रु.८०३८६४०/- भुक्तानी भएकोमा हालसम्म शुरु संझौता मितिको १८ महिना र म्याद थप भएपछि नैं १३ महिना समय व्यतित भैसक्दा पनि वित्तीय प्रगती ४०.२१ प्रतिशत मात्र भएकोले पालिकाले समयमै निर्माण कार्य सम्पन्न गर्न थप पहल गर्नुपर्दछ । उक्त निर्माण कार्यको गोश्वारा भौचर नम्बर १६ मिति २०८१/०६/२२ मा तेश्रो रनिङ्ग बिल भुक्तानी गर्दा PS Item-Lab Test को बिजक पेश नगरी रु.४६०१३/- भुक्तानी गरेकोले कर बिजक भएमा पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,०१३ |

७० **बिल भर्पाई बेगरको भुक्तानी:**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले Construction of Ward Office Building for Galyang Municipality निर्माण गर्न निर्माण व्यसायी Deepdarshan Builders and Suppliers Pvt. Ltd. (६०३५४४९२०७) संग ठेक्का नम्बर GM/SYA/NBC/Works/08/2079/080 बाट मिति २०८१/०३/०६ सम्म कार्य सम्पन्न गर्ने गरी मुअकर सहित रु.१७८६०८७३/- लागत अनुमान राखेर मिति २०८१/०३/०७ मा संझौता गरेकोमा शुरु संझौताको अबधिमा कार्य सम्पन्न नभई मिति २०८२/०२/३० सम्म म्याद थप गरेको ठेक्काको गोश्वारा भौचर नम्बर ४०३ मिति २०८१/०२/२१ मा दोश्रो रनिङ्ग बिल भुक्तानी गर्दा PS Item-Lab Test को फोटोकपि बिल पेश गरी रु.४२५००/- भुक्तानी गरेको तथा गोश्वारा भौचर नम्बर ६६९ मिति २०८१/०३/२४ मा तेश्रो रनिङ्ग बिल भुक्तानी गर्दा PS Item-Lab Test को बिजक पेश नगरी रु.४६९०/- सहित रु.४७१९१/- भुक्तानी गरेकोले सक्कल कर बिजक भएमा पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,१९१ |

७१ **करार कर्मचारी:-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.२०७३९५३७/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी सवारी चालक सयश कार्यालय सहयोगी पल्म्बर इलेक्टीसियन चौकिदार मालि बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद बाहेकको करारमा राख्न नमिल्नेमा सव इन्जिनियर, कम्प्युटर अपरेटर लगायत पदमा करार नियुक्ति गरी वर्षभरिमा रु.३४६९३३६/- खर्च गरेको देखियो । दरवन्दि यकिन गरी आवश्यक भएमा स्थायी पदपूर्ती गर्नु पर्दछ भने करारमा कर्चारी राखेर तलब भत्ता खर्च लेख्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ । लोकसेवामा माग गरेको तर पदपूर्ती हुने प्रक्रियामा ढिलाईको कारण यस्तो खर्च देखिने गरेको पालिकाले जनाएको छ ।

७२ **शिक्षा तर्फः-**

७२.१ **विद्यालय र विधार्थी संख्या:-** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ६३ | ४४९६ |
| २ | संस्थागत विद्यालय | ७ | २२२९ |
| | जम्मा | ७० | ६७२५ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ६७२५ रहेकोमा ३३.१४ प्रतिशत संस्थागत विद्यालयमा र ६६.८६ प्रतिशत सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखियो ।

७२.२ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती:-** आर्थिक वर्ष २०८१/०८२ मा पालिका भित्रका ६३ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ:

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | ३६७ | २६९ | ९८ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्म ३६७ शिक्षक दरबन्दी रहेकोमा २६९ जना स्थायी पदपूर्ती र ९८. जना अस्थायी/राहत/करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सिर्जना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७२.३ **शिक्षक विद्यार्थी अनुपातः**- शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

| क्र. सं . | विद्यालय | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक / विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री सार्वजनिक मा.वि. | २० | ३६२ | १:१८ |
| २ | श्री प्रतिभा आ. वि . | २ | २७ | १:१३ |
| ३ | श्री महेन्द्र आ.वि. | ३ | ४० | १:१३ |
| ४ | श्री शिवालय मा.वि. | १५ | १५३ | १:१० |
| ५ | श्री हिमाञ्चल आ.वि. | ७ | ५३ | १:०७ |
| ६ | श्री राधाकृष्ण आ.वि. | ५ | ६१ | १:१२ |
| ७ | श्री जगत्रदेवी आ.वि. | ४ | ५६ | १:१४ |
| ८ | श्री बमभञ्ज्याङ आ.वि. | २ | २७ | १:१३ |
| ९ | श्री लखन थापा आ.वि. | ४ | ७१ | १:१७ |
| १० | श्री बालसिद्ध आ.वि. | २ | ११ | १:०६ |
| ११ | श्री भानुभक्त आ मा.वि. | २३ | ६४९ | १:२८ |
| १२ | ज्ञानज्योति आ.वि. | ५ | ६८ | १:१३ |
| १३ | शिशुकल्याण मा.वि. | १४ | ६४ | १:०४ |
| १४ | कालिका मा.वि. | १४ | १२७ | १:०९ |
| १५ | चन्द्रज्योती आ.वि. | ५ | ३३ | १:०६ |
| १६ | दुर्गादेवी आ.वि. | १ | ६ | १:०६ |
| १७ | कोपिला आ.वि. | ५ | ५६ | १:११ |
| १८ | जनहित आ.वि. | २ | २० | १:१० |
| १९ | विद्याज्योति आ.वि. | ० | ५ | वालविकास |
| २० | सत्याशिला मा.वि. | ११ | ९७ | १:०८ |
| २१ | कालिका आ.वि. | २ | २२ | १:११ |
| २२ | बालकल्याण आ.वि.जोगिमारा | २ | २५ | १:१२ |
| २३ | चण्डी आ.वि. | १ | ९ | १:०९ |
| २४ | बालकल्याण आ.वि.खोलाखर्क | २ | २३ | १:१२ |
| २५ | सरस्वती आ.वि. | ६ | ३८ | १:०६ |
| २६ | जनप्रिय आ.वि. | १ | १२ | १:१२ |
| २७ | नरोदय मा.वि. | १८ | १५५ | १:१२ |
| २८ | सालघारी आ.वि. | ३ | ३० | १:१० |
| २९ | जीवनज्योती आ.वि. | १ | १५ | १:१५ |
| ३० | सरस्वती आ.वि. | ३ | ३० | १:१० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | पूण्यभूमी आ.वि. | ० | २ | वालविकास |
| ३२ | चिऊरीखर्क आ.वि. | ५ | ३० | १:०६ |
| ३३ | चितुङ आ.वि. | ५ | ३५ | १:०७ |
| ३४ | राष्ट्रिय मा.वि. | ११ | ८३ | १:०७ |
| ३५ | महाकालि आ.वि. | १ | १५ | १:१५ |
| ३६ | कालिका आ.वि. | ३ | २६ | १:०८ |
| ३७ | सरस्वती आ.वि. | ३ | २२ | १:०७ |
| ३८ | विरेन्द्र आदर्श आ.वि. | २ | १६ | १:०८ |
| ३९ | महेन्द्र आदर्श आ वि | ३ | ४२ | १:१४ |
| ४० | नवदुर्गा आ.वि. | २ | १६ | १:०८ |
| ४१ | नेपाल राष्ट्र मा.वि. | १५ | १७५ | १:११ |
| ४२ | ज्योति आ.वि. | ० | २ | वालविकास |
| ४३ | महेन्द्र दर्शन मा.वि. | ११ | ९० | १:०८ |
| ४४ | जनज्योती आ.वि. | ३ | १५ | १:०५ |
| ४५ | चण्डीका आ.वि. | ४ | ६२ | १:१५ |
| ४६ | शिद्धशक्ति आ.वि. | ३ | ५६ | १:१८ |
| ४७ | रामराज्य आ.वि. | ३ | ३३ | १:११ |
| ४८ | ज्ञानोदय मा.वि. | १५ | २१० | १:१४ |
| ४९ | जानकी मा.वि. | १७ | २८१ | १:१६ |
| ५० | गण्डकी मा.वि. | ९ | १४१ | १:१५ |
| ५१ | नेत्रज्याति आ.वि. | ३ | ४२ | १:१४ |
| ५२ | पकवादी भञ्जयाङ मा.वि. | १३ | १०१ | १:०७ |
| ५३ | देविभञ्ज्याङ आ.वि. | २ | २२ | १:११ |
| ५४ | जनकल्याण आ.वि. | ३ | ३६ | १:१२ |
| ५५ | बज्रेभञ्ज्याङ मा.वि. | १३ | १०९ | १:०८ |
| ५६ | गल्कोट मा.वि. | १७ | १६१ | १:०७ |
| ५७ | बालज्योति आ.वि. | ३ | ५१ | १:१७ |
| ५८ | गणेश आ.वि. | ६ | ५३ | १:०८ |
| ५९ | तारादेवी आ.वि. | १ | २२ | १:२२ |
| ६० | हुलाक आ. वि . | ५ | ८४ | १:१६ |
| ६१ | रामनदीधाम सं. गुरुकुल | २ | ७७ | १:३८ |

| | | | | |
|---|---|---|---|---|
| ६२ | लालीगुराँस आ.वि. | १ | २८ | १:२८ |
| ६३ | शिद्धशक्ति वा. वि | ० | १२ | वालविकास |
| | जम्मा | ३६७ | ४४९६ | १:१२ |

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:१३ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले १२ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा स्याङ्जा जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १२ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

७२.४ **प्रति विद्यार्थी लागतः-** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ:

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ३२९७८६००० | ३१०८६९२६१ | ४४९६ | ६९१४३.५१ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.६९१४३/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

७२.५ **शैक्षिक गुणस्तरः-** पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा ११८ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ:

| क्र.सं. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ३४ | ११ | २३ | ९.०१% | ७.१६% |
| २ | ३.२१ - ३.६० | ८४ | ३२ | ५२ | २६.२२% | १६.१९% |
| | जम्मा | ११८ | ४३ | ७५ | ३५.२३% | २३.३५% |

उल्लेखित तालिका अनुसार ११८ विधार्थी मध्ये ३.६१-४.०० जिपिए ल्याउने २३ जना ३.२१-३.६० जिपिए ल्याउने ५२ जना विधार्थी सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखियो । पालिकाले सामुदायिक विद्यालयमा उच्च जिपिए ल्याउने विद्यार्थी संख्या बृद्धि गर्न सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

७२.६ **संस्थागत विद्यालयको छात्रबृति र त्यसको अनुगमनः-** पालिकाको शिक्षा ऐन २०७६ को दफा ४१ को उपदफा १ मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थि संख्याको कम्तिमा दश प्रतिशत मा नघट्ने गरि तोकिए बमोजिम आर्थिक रुपमा बिपन्न अपाङ्गता भएकाहरुमहिला दलित विद्यार्थिहरुलाइ छात्रबृति गराउनु पर्ने र त्यसको विवरण नगरपालिका शिक्षा शाखामा उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा सो को कार्यन्वयन भएको विवरण प्राप्त भएन । अतः ऐनमा तोकेको व्यवस्था अनुसार संस्थागत विद्यालयले छात्रबृति प्रदान गरे नगरेको पालिकाले अनुगमन गर्नुपर्दछ ।

७३ **दिवा खाजाः-**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थिका दिवा खाजाको लागि विद्यालयलाइ अनुदान निकासा गर्दा शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थि संख्यालाइ आधार मानी दैनिक रु.१५ का दरले अधिकतम १८० दिनका लागि रकम निकासा गर्ने र प्रत्येक त्रैमासिकमा रकम निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा भएको रकम सही सदुपयोग भए नभएको एकिन गर्ने व्यवस्था रहेको छ । साथै विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै अनुसुची ४ मा तोकिएका कक्षासम्मका बालबालिकालाइ विद्यालयमा नै दिवा खाजा खुवाउने व्यवस्था मिलाउने र दिवा खाजाका लागि विधार्थिलाइ नगद रकम उपलब्ध नगराउने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०८१/८२ मा दिवा खाजाका लागि ६३ वटा विद्यालयलाइ विभिन्न मितिमा रु.५७५०२८५/- भुक्तानी गरेको छ । विद्यालयहरुमा निकासा भएको रकम मध्ये केही विद्यालयहरुको नमुना परिक्षण गर्दा IEMIS अनुसार रकम निकासा भएको पाइयो । तर २०८२ बैशाख देखि २०८२ असारसम्म निकासा भएको रकम मध्ये देहायका विद्यालयहरुले दैनिक रु.१५ का दरले रकम रु.९१०३९०/- विद्यार्थीलाइ नगद वितरण गरेको देखियो । पालिकाबाट निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको र खाजाको गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । तसर्थ पालिकाले विद्यालयमा जाने अनुदानलाइ प्रभावकारी कार्यन्वयन गर्नको लागी अनुगमन निरिक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ । विद्यालयहरुले दिवा खाजाको रकम देहाय बमोजिम नगदै वितरण गरेको नियम सम्मत नदेखिएको रु..

| क्र. सं . | विद्यालयको नाम | दिवा खाजा पाउने विद्यार्थि संख्या (EMIS अनुसार ) | नगद वितरण भएको रकम |
|---|---|---|---|
| १ | हिमाञ्चल आ. वि . | ४५ | २५३३५ |
| २ | राधाकृष्ण आ. वि . | ४३ | ३२०७० |
| ३ | जगत्रदेवी आ. वि . | ५६ | ५१७०५ |
| ४ | बमभन्याङ आ. वि . | २७ | २०३२५ |
| ५ | लखन थापा आ. वि . | ७१ | ४८२८५ |
| ६ | बालसिद्ध आ. वि . | ११ | ७०३५ |
| ७ | भानुभक्त आ. मा . वि . | ९६ | ५३८३५ |
| ८ | शिशुकल्याण मा. वि . | १७ | १२८२५ |
| ९ | कोपिला आ. वि . | ५६ | ४४५९५ |
| १० | विद्याज्योती आ. वि . | ५ | २१६० |
| ११ | सत्यशिला मा. वि . | ४६ | २४८४० |
| १२ | नरोदय मा. वि . | ५१ | २६३२५ |
| १३ | सालघारी आ. वि . | ३० | १९९२० |
| १४ | चिउरीखर्क आ. वि . | २५ | १७२६५ |
| १५ | सरस्वती आ. वि . | २२ | १६३९५ |
| १६ | नेपाल राष्ट्र मा. वि . | ४६ | ३८१६० |
| १७ | महेन्द्र दर्शन मा. वि . | ७ | ६२२५ |
| १८ | जनज्योती आ. वि . | १५ | १३८९० |
| १९ | शिद्धशक्ती आ. वि . | ५६ | ४१८५० |
| २० | ज्ञानोदय मा. वि . | ९९ | ६३२७० |
| २१ | जानकी मा. वि . | ९२ | ४८३९० |
| २२ | गण्डकी मा. वि . | ७३ | ४६९०५ |
| २३ | नेत्रज्योती आ. वि . | ४२ | ४६७६५ |
| २४ | पकवादी भन्ज्याङ मा. वि . | ५० | ३२१७५ |
| २५ | देवी भन्ज्याङ आ. वि . | २२ | १७५०५ |
| २६ | जनकल्याण आ. वि . | ३६ | २८००५ |
| २७ | बालज्योती आ. वि . | ५१ | ३४७५५ |
| २८ | तारादेवी आ. वि . | २२ | १४३४० |
| २९ | हुलाक आ. वि . | ८४ | ६९२५५ |
| ३० | शिवशक्ति बालविकास | १२ | ५९८५ |
| | | | |

| | | |
|---|---|---|
| जम्मा | ९१०३९० | |
| | अनियमित भएको | ९,१०,३९० |

७४ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः**- (२२२-२०८२/०३/२३-):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदानको रुपमा प्रति विद्यालय ३० लाख देखि ६० लाख सम्म र विद्यालयहरुमा पुस्तकालय तथा ICT व्यवस्थापनका लागि बार्षिक ६ लाख ५० हजार अनुदान दिन सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छन्:

- नमुना विद्यालयका लागि शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयन अनुदान निकासा गर्दा यस आ. व. मा सम्पादन गर्ने कार्यक्रम निर्धारिण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी अनुदान उपलब्ध गराउने र उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी यसरी विद्यालयलाई उपलब्ध गराएको अनुदानको पालिकाले नियमित अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नमूना विद्यालयको रुपमा रहेको सार्वजनिक मा. वि. ले गुरुयोजना बनाइ पेश गरेको प्रस्तावको आधारमा रु.३० लाख निकासा गरेको छ । तर विद्यालय सँग सम्झौता भएको विवरण पेश भएन र पालिकाले नियमित अनुगमन गरेको छैन।पालिकाले विद्यालयलाइ निकासा दिएको रकम गुरुयोजना बमोजिम खर्च भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।
- विद्यालयमा ICT ल्याव व्यवस्थापन कार्यक्रम वितरण गर्दा स्थानीय तहले इन्टरनेटको पहुँच भएको तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी उक्त विद्यालयबाट प्रस्ताव माग गर्न लगाउने र प्रस्तावहरुको मुल्याङ्कन गरी विद्यालयहरुको छनोट गर्ने साथै अनुदान प्राप्त गरेका विद्यालयहरुले निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यन्वयन गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आ.व. मा ICT ल्याव र विज्ञान प्रयोगशाला अनुदानमा रु.१९४९७१६/- निकासा गरेको छ । पालिकाले विद्यालयको माग र आवश्यकताको आधारमा प्रस्ताव प्राप्त गरी मुल्याङ्कन गरेर विद्यालय छनोट गरेको पालिकाले जनाएकोमा नियमित अनुगमनको विवरण पेश गरेको छैन । तसर्थ पालिकाले अनुदान कार्यक्रमको प्रभावकारिताको लागि नियमित अनुगमन गर्नुपर्दछ।

७५ **नमुना विद्यालयलाइ अनुदानः**- (२२२-२०८२/०३/२३-):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदानको रुपमा प्रति विद्यालय ३० लाख देखि ६० लाख सम्म निकासा दिन सकिने व्यवस्था रहेको छ । त्यस्तै यस आ. व. मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ३० लाख यस शिर्षकबाट अनुदान उपलब्ध गराउने र उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी यसरी विद्यालयलाई उपलब्ध गराएको अनुदानको पालिकाले नियमित अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ. व. मा नमुना विद्यालयको रुपमा रहेको सार्वजनिक मा. वि लाइ गुरुयोजना बमोजिम रु ३० लाख अनुदान रकम निकासा गरेको छ । पालिकाले निकासा भएको रकमको नियमित अनुगमन गरेको नदेखिदा अनुदान प्रभावकारी रुपमा कार्यन्वयन भए-नभएको सम्बन्धमा विश्वस्त हुने आधार नदेखिने हुँदा पालिकाले नियमित अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।

७६ **बाल बिकास र विद्यालय कर्मचारी व्यवस्थापनः-**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान कार्यान्वय हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं १.१.४.१ मा सामुदायिक विद्यालयका बाल विकास शिक्षकका लागि मासिक रु.१००००/- विद्यालय सहायक कर्मचारीका लागि मासिक रु.१३५००/- र विद्यालय सहयोगीका

लागि मासिक रु.८०००/- संघीय ससर्त अनुदानबाट उपलब्ध गराउने व्यवस्था छ । पालिकाले सो अनुसारको रकम बाहेक आफ्नै स्रोतबाट व्यहोर्नुपर्ने निम्नानुसार थप रकम समेत संघीय ससर्तबाट खर्च लेखेको छ । यसरी कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था भन्दा बढी निकासा भएको रकम नगरपालिका स्रोतबाट संघीय संचित कोषमा सोधभर्ना दिनुपर्ने रु.

| गो. भौ . नं . | महिना | पालिकाले व्यहोर्नुपर्ने रकम | पालिकाले व्यहोरेको | फरक |
|---|---|---|---|---|
| ४- २०८१ / ६ / १५ | २०८१ श्रावण भाद्र र आश्विन | २९६६१०५ | २४३३००० | |
| ६२ - २०८१ / ९ / १२ | २०८१ मंसिर | ९८१५०० | २६६६००० | |
| ७४ - २०८१ / १० / ०२ | २०८१ पौष | ९८७५०० | २४७७४०० | |
| १३० - २०८२ / १ / ०९ | २०८१ चैत्र | १०२१५०० | | |
| १४६ - २०८२ / २ / ०७ | २०८२ वैशाख | १०२१५०० | | |
| १७३ - २०८२ - ३ - १२ | २०८२ जेष्ठ र आषाढ | २०४३००० | | |
| | जम्मा | ९०२११०५ | ७५७६४०० | १४४४७०५ |

| प्रमाण पेश नगरेको | १४,४४,७०५ |
|---|---|

७७ **नमूना विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानः-**

आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि संघीय संचित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐनको दफा १० मा सशर्त समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. ८.३ मा केन्द्रबाट छनोट भएका नमुना विद्यालयको भवन निर्माणको लागि प्रति विद्यालय रु.५० लाख देखि रु. १ करोडसम्म अनुदान दिने व्यवस्था छ । सोहि क्रियाकलापको बूँदा नं.८.२(ग) मा लागत अनुमान स्वीकृत गर्ने तथा सम्झौता भएपश्चात पहिलो किस्ता ३० प्रतिशत संरचना निर्माण पश्चात ५० प्रतिशत र कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात अन्तिम किस्ता वापत २० प्रतिशत रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले नमुना विद्यालयको भौतिक संरचना अनुदान अन्तर्गत संघीय सरकारबाट प्राप्त अनुदान रकम नमुना विद्यालय श्री सार्वजनिक माध्यामिक विद्यालय गल्याङ्-१ को राष्ट्रिय बाणिज्य बैंक गल्याङ्ग शाखाको खाता नम्बर: ३२५०१०००००५०९००१ मा मिति २०८२/०३/२४ मा रु.१००००००००/- एकमुष्ट निकासा ट्रान्सफर गरेर मिति २०८२/०३/२४ को राष्ट्रिय बाणिज्य बैंक गल्याङ्ग शाखालाई लेखेको पत्रबाट उक्त बैंक खाता पालिकाले रोक्का राखेको छ । लेखापरीक्षणको अवधिसम्म पनि विद्यालयको भौतिक पुर्वाधार निर्माणको कार्य गरेर बिलको भुक्तानी दिनुपर्ने अबस्था समेत नआएको पालिकाले जनाएको छ । नमूना विद्यालयको भौतिक संरचना निर्माण कार्य शुरु भै भुक्तानी दिनुपर्ने अबस्था समेत नपरेको खण्डमा संघीय सशर्त अनुदानको रकम वर्षान्तमा फिर्ता नगर्ने उदेश्यले विद्यालयको खातामा रकम ट्रान्सफर गरेको मनासिव देखिएन। अत: पालिकाले अनुदानको सहि तबरले सदुपयोग गर्दै वर्षान्तिमा विद्यालयको खातामा ट्रान्सफर गरेको रकमबाट विद्यालयको भौतिक पुर्वाधार निर्माणको कार्य समयमै सम्पादन गरि गराई कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा विद्यालयको खातामा रोक्का राखेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | १,००,००,००० |
|---|---|

७८ **प्रधानमन्त्री रोजगार कार्यक्रमः-**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा योजना सञ्चालन गरी यस वर्ष ७६जनालाई ४९३० दिन रोजगारी उपलब्ध गराई रु. ३३६६०००/- श्रमिक

ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भए नभएको विश्लेषण गरेको छैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तबरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७९ **सामाजिक सुरक्षाः-**

७९.१ **भत्ता वितरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वितरणमा गत वर्षको बाँकी र यो वर्षको समेत कूल रु.२३६७९६४४६/- खर्च लेखेको छ । यस वर्ष रु.२००४०९११९/- सामाजिक सुरक्षा भत्ता बितरणको अबस्था देहाय अनुसार रहेको छ :

| समुह/ त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | बार्षिक वितरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| अन्य जेष्ठ नागरिक भत्ता | ३०६६ | ३६५११५४८० | ३०८८ | ३६६९९८८३ | ३०९५ | ३६८७९४१६ | ३१२७ | ३७२५९०५२ | १४७३५३८३१ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २०० | १५८५३६० | २०८ | १६२५५२६ | २०८ | १६४३८८० | २१० | १६४६५४० | ६५०१३०६ |
| जेष्ठ नागरिक एकल महिला | ४१८ | ३३१४२७४ | ४१४ | ३२९९६४१ | ४०३ | ३२०२६४० | ३९४ | ३१२०१८० | १२९३६७३५ |
| विधवा | ६५२ | ५१५२४२० | ६६६ | ५२६६८०० | ६७८ | ५३९०७५६ | ६९० | ५४४०३८६ | २१२५०३६२ |
| पूर्ण अपाङ्गता भत्ता | ११० | १३००७४० | ११३ | १३३८१६३ | ११६ | १३५६०५० | ११६ | १३७९६३९ | ५३७४५९२ |
| अति अशक्त अपाङ्गता भत्ता | १९० | १२१२९६० | १९८ | १२५९७७६ | २०१ | १२६६१६० | २०६ | १३०९९५६ | ५०४८८५२ |
| दलित बालबालिका | ३१८ | ४८८५६० | ३१६ | ४७९१५९ | ३१८ | ४८३०४१ | ३१७ | ४९२६८१ | १९४३४४१ |
| जम्मा | ४९५४ | ४९५६९७९४ | ५००३ | ४९९६८९४८ | ५०१९ | ५०२२१९४३ | ५०६० | ५०६४८४३४ | २००४०९११९ |

७९.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा नं. १५(३) मा भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार लक्ष्मी सनराइज बैंक लिमिटेडमा निम्नानुसार लाभग्राहीहरुको एकवर्षभन्दा बढी समय कारोबार नभएका १० जना लाभग्राहीको रु.४८६८४५.७० बैंक खातामा मौज्दात रहेकोले उक्त रकम लक्ष्मी सनराइज बैंक लिमिटेडबाट फिर्ता प्राप्त गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..

| लाभग्राहीको नाम | बैंक खाता | खाता खुलेको मिति | मौज्दात रकम |
|---|---|---|---|
| लक्ष्मी प्रसाद सुवेदी | ५७२००१७९७० | २०७६।०३।११ | ६२०५०.५७ |
| दुर्गादिवी चापागाइ | ५७२००१६७५१ | २०७५।१०।२८ | ३२४७८.९२ |
| किरण सार्की | ५७७८०००२८७ | २०७८।१०।१३ | २०८८२.८० |
| सरस्वती भुसाल | ५७७८०००३०० | २०७८।१०।१४ | ६२११०.५३ |
| ललिता सुवेदी | ५७७८०००३८६ | २०७९।०१।२३ | ३२८७३.९० |
| खुस्वु शर्मा पाण्डे | ५७७८०००४८५ | २०७९।०४।०२ | ३३८६६.८७ |
| रुक्मे राना | ५७७८००१२१५ | २०८०।०४।०७ | ९८४८३.२२ |
| यज्ञ प्रसाद सुवेदी | ५७२०००३४९८ | २०७३।०६।११ | १०१२७३.२८ |
| डिलिसरा भुसाल | ५७२०००४६१९ | २०७३।०६।११ | १३४२५.२५ |
| कौशिला कामी | ५७२०००४६९१ | २०७३।०६।११ | २९४००.३६ |
| | | जम्मा | ४८६८४५.७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८६,८४६ |

७९.३ **निस्क्रिय खाता तथा लगत कट्टा:-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

७९.४ **सामाजिक सुरक्षाः** आर्थिक वर्ष २०८१/०८२ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु |
|---|---|---|---|
| ३११२५ | ५०६७ | १६ | २३६७९६४४६ |

८० **स्वास्थ्य तर्फ:-**

८०.१ **स्वास्थ्य संस्थाको दरबन्दी:-** पालिकामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ:

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु. |
|---|---|---|---|---|---|
| अस्पताल | १ | १२ | १२ | ९४८७ | ४००००० |
| स्वास्थ्य केन्द्र/चौकी | १४ | ६६ | ५९ | ५९६८३ | १८००००० |
| जम्मा | १५ | ७८ | ७१ | ६९१७० | |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल १४ स्वास्थ्य चौकीमा ७८ जना दरबन्दी रहेकोमा स्वास्थ्य चौकिहरुमा ७१ जना कार्यरत रहेको देखियो । दरबन्दी अनुसारको पद रिक्त रहेको अबस्थामा सेवा प्रवाहमा असर परे नपरेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

८०.२ **औषधी खरिदः-** पालिकाले यस वर्ष विरामीहरुको स्वास्थ्य उपचारको लागी रु.१६००००/- को औषधी खरिद गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. GMP सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश भएको छैन।
- आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

  पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधीको मुल्य खुलाउन नसकिएको पालिकाले जनाएको छ । मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्नेमा पालिकाले अधिकतम् मौज्दात (ASL) र न्यूनतम् मौज्दात (EOP) हुनुपर्ने परिमाण नखुलाएकोले औषधी खरिद र आवश्यकता बारे एकिन हुन सकिएन । औषधीको मौज्दात बढी भएका तथा म्याद भुक्तान हुन लागेका औषधी स्वास्थ चौकीमा हस्तान्तरण गरेको कारण पालिकामा म्याद भुक्तान भएको औषधी देखिएन। पालिकाले औषधीको खरिद आपूर्ती दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गल्याङ नगरपालिका, स्याङ्जा , गल्याङ नगरपालिका , स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुरुषोत्तम घिमिरे | २०८१-११-१९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | दामोदर शर्मा | २०७९-५-१ | २०८१-११-९ |
| लेखा प्रमुख | tejan gaihre | २०७९-५-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८०३,३३५ | ११,२५०,२५६ | १६,९१३,५५७ | ० | ० | ३,२२०,३७६ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३२,१८७,५२४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,५३४,२५७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २९,६५३,२६७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६४७००५९३.६६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५०९०६८२०० | चालु खर्च | ४५४२६६९३२.९६ |
| प्रदेश सरकारबाट अनुदान | २८६६६००० | पूँजीगत खर्च | २१८५१८२२६ |
| राजश्व बाँडफाँट | १५२५८५४२०.५ | वित्तीय/अन्य व्यवस्था | २७४५२७९२७.१६ |
| आन्तरिक आय | २३६७२०३८ | | |
| अन्य आय | २४५३०७४४७.८३ | | |
| कुल आय | ९५९२९९१०६.३३ | कुल खर्च | ९४७३१३०८६.१२ |
| बाँकी मौज्दात | | ७६६८६६१३.८७ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सथानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०)

| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| कर | १२२७१००७८.११ | १२२७१००७८.११ | ११६३०३७३७.४४ | ११६३०३७३७.४४ |
| अनुदान | ५०८२७१९६७.३४ | ५०८२७१९६७.३४ | ५११९५८८१४८.०० | ५११९५८८१४८.०० |
| अन्य राजस्व | ५३५२५११६१.३९ | ५३५२५११६१.३९ | ६३०९९६७३.८० | ६३०९९६७३.८० |
| विविध प्राप्ति | ३००००.०० | ३००००.०० | ३५६२५१.०० | ३५६२५१.०० |
| कुल जम्मा प्राप्ति | ६८४५३७२०६.८४ | ६८४५३७२०६.८४ | ६९९३४७८१०.२४ | ६९९३४७८१०.२४ |
| चालु | ४५४२६६९३२.९६ | ४५४२६६९३२.९६ | ४७०३५८९५०.१९ | ४७०३५८९५०.१९ |
| पारिश्रमिक / सुविधा | ३६१५५०८८३.९६ | ३६१५५०८८३.९६ | २७१४३६१२८.०० | २७१४३६१२८.०० |
| मालसामान तथा सेवाको उपयोग | ५३१२६७६५.०० | ५३१२६७६५.०० | ८२००८१५३.१९ | ८२००८१५३.१९ |
| सहायता (Subsidy) | ४७७६२०१.०० | ४७७६२०१.०० | १०६१८४१२७.०० | १०६१८४१२७.०० |
| अनुदान | २९७००७६९.०० | २९७००७६९.०० | ०.०० | ०.०० |
| सामाजिक सुरक्षा | ३६०३१०५.०० | ३६०३१०५.०० | ९५३२५१२.०० | ९५३२५१२.०० |
| अन्य खर्च | १५०९२०९.०० | १५०९२०९.०० | ११९८०३०.०० | ११९८०३०.०० |
| पूंजीगत | २१८५१८२२६.५० | २१८५१८२२६.५० | २६७०६६४२०.४५ | २६७०६६४२०.४५ |
| भवन तथा संरचना | ३२२०७२१८.०० | ३२२०७२१८.०० | ३६३९४१७४.६९ | ३६३९४१७४.६९ |
| सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | ६८०७६७२.०० | ६८०७६७२.०० | १०४०७७३९.०० | १०४०७७३९.०० |
| अन्य पूँजीगत खर्च | २७८६९३३९.५० | २७८६९३३९.५० | २०८१४४१८.०० | २०८१४४१८.०० |
| सुरक्षा उपकरण | १६००००००.०० | १६००००००.०० | ०.०० | ०.०० |
| सार्वजनिक निर्माण | १४५२९४२७२.०० | १४५२९४२७२.०० | १९१४६९२२३.७६ | १९१४६९२२३.७६ |
| निर्मितसरचनाको सुधार खर्च | १६७७४६.०० | १६७७४६.०० | १२६५०३.०० | १२६५०३.०० |
| पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ३८३२३४२.०० | ३८३२३४२.०० |
| जग्गाप्राप्ति खर्च | ४५७१९७९.०० | ४५७१९७९.०० | ४०२२०२०.०० | ४०२२०२०.०० |
| कुल जम्मा भुक्तानी | ६७२७८५११५९.४६ | ६७२७८५११५९.४६ | ७३७४२५३७०.६४ | ७३७४२५३७०.६४ |
| बचत /कमी (ग = क-ख ) | ११७५२०४७.३८ | ११७५२०४७.३८ | -३८०७७५६०.४० | -३८०७७५६०.४० |
| धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ३६५६४२.८३ | ३६५६४२.८३ | ३७०२९३३.९८ | ३७०२९३३.९८ |

| | | | | |
|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १२११७६९०.२१ | १२११७६९०.२१ | -३४३७४६२६.४२ | -३४३७४६२६.४२ |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | ६४५८५६०४.६६ | ६४५८५६०४.६६ | ९८९६०२३१.०८ | ९८९६०२३१.०८ |
| विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७६७०३२९४.८७ | ७६७०३२९४.८७ | ६४५८५६०४.६६ | ६४५८५६०४.६६ |

## बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Supply and Delivery of Surgical Equipments and Medicines for Galyang Municipality | GM/SYA/NCB/GOODS/01/2081/82 | Shivashakti Medical Stores Waling-08 Nayabazar Syangja | ३१२३७६० | ११०५६१० | ६२.५० |
| २ | Protection Works For Administrative Building of Galyang Municipality | GM/SYA/NCB/WORKS/02/2081/082 | Gejha Kalika Construction | ६९८९२६२ | ४५४१५१३ | ३२.७१ |
| ३ | Construction of Galyang Bwang-Ripa-Guthi to Ilunga Road | GM/SYA/NCB/WORKS/03/2081/082 | Parakram-Sovan-Gyanlaxmi JV Waling-2 Syangja | २३२२७१७० | १५८०३९८० | २९.६० |
| ४ | Road Upgrading Works: Tindobate- Pakwadi-Kashkuna Sadak | GM/SYA/NCB/WORKS/04/2081/082 | Grahukalika Nirman Sewa Pvt.Ltd. Galyang-10 Syangja. | ५८१२४५० | ५६१०६६४ | ०.१ |
| ५ | Supply and Delivery of Stationery and Miscellaneous items for Galyang Municipality | GM/SYA/SQ/GOODS/05/2081/082 | Bravo Link Pvt.Ltd. Kathmandu-10 | ८५३३८६ | ५०६९४१ | ३८.४९ |
| ६ | Supply and Delivery of Breeding Doe(Female Goat) and Breeding Buck(Male Goat) | GM/SYA/NCB/GOODS/06/2081/082 | Shree Milansar Samajik Uddami Mahila Sahakari Sastha Limited Tansen 13 palpa | २५७४००० | २५१७००० | २.२० |
| ७ | Roadway Upgrading Works: Ward Office 3-Baan-Karyala Chharti Sadak | GM/SYA/NCB/WORKS/07/2081/082 | Sima Nirman Sewa Pvt. Ltd Galyang-11 Syangja | २१४५५४९ | १९१०८४० | ७.८० |
| ८ | Ward Office 3-Chiuri-Baasghari-Bhaykute Padhero Sadak | GM/SYA/NCB/WORKS/08/2081/082 | Sima Nirman Sewa Pvt. Ltd Galyang-11 Syangja | ४००१२४२ | ३५४२३९० | ८.३० |
| ९ | Construction of Jaluke Syalbas Road at Ward 5 | GM/SYA/SQ/WORKS/09/2081/082 | Krisu Construction Darpuk 1 Yamga Palpa | १६९९९७९ | १६१८६०७ | १.४७ |
| 1० | Approach Road To Magar Bhawan | GM/SYA/NCB/WORKS/10/2081/082 | Gyan Laxmi Suppliers and Builders Galyang-8 Syangja | २६३६५५९ | २५९२०१७ | १.७० |
| ११ | Construction Of Health Post Building At Ward 6 | GM/SYA/NCB/WORKS/11/2081/082 | Bolbam ConstructionWaling-13Syangja | ४७०५१४२ | ३९८९७०५ | १२.४० |
| १२ | Construction Of Health Post Building At Ward 7 | GM/SYA/NCB/WORKS/12/2081/082 | Grahukalika Nirman Sewa Pvt.Ltd. Galyang-10 Syangja. | ४६२६३३१ | ३७५१५८० | १७.७० |
| १३ | Construction Of Compounding Works around Galyang Administrative Office Building and Parking Truss | GM/SYA/NCB/WORKS/13/2081/082 | Rana Builders Galyang-03 Syangja | ४६८३१७२ | ३१५०६७२ | ३०.६० |
| १४ | Supply and Delivery of Surgical Equipments and Medicines for Galyang Municipality | GM/SQ/NCB/GOODS/14/2081/82 | Chirag Pharmacy Pvt. Ltd. Ranipauwa-11 Pokhara | १८५९८९४ | ६३१२२१ | ६६.८० |
| १५ | Supplying and Delivery of Bee Hives for Galyang Municipality | GM/SYA/SQ/GOODS/15/2081/082 | Mani Mauripaalan Bikash shrot kendra | १७७०००० | १४५७९०० | १७.६० |
| १६ | Supply and Delivery of Excavator Rock Break for Galyang Municipality | GM/SYA/SQ/GOODS/16/2081/082 | Tri Builders and Suppliers Pvt.Ltd Dhangadi-3 Nepal | १९३४०१० | १६९०००० | ९.५० |
| १७ | Supply and Delivery of Dipping Tank Mini Tiiler Elcctric chaff | GM/SYA/NCB/GOODS/17/2081/82 | Bhanu Enterprises Pokhara Kaski | ६३०८१५३ | ५३९७५१८ | १४.६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | cutter Combined Mill and Water tank for Galyang Municipality | | | | | |
| १८ | Construction Of Truss Building At Sarbajanik Ma Vi Malunga | GM/SYA/NCB/WORKS/18/2081/082 | Kushal Construction Rampur-10 palpa | ५४३५३८१ | ४६७४७८९ | ११.१० |
| १९ | Construction Of Ground Management Works including Interlocking Tiles and other Civil Works At Sarbajanik Ma Vi Malunga | GM/SYA/NCB/WORKS/19/2081/082 | Kushal Construction Rampur-10 palpa | २९४८००८ | २३१५१३८ | १९ |
| २० | Construction of Galyang Bwang-Ripa-Guthi to Ilunga Sadak Second Phase in Illunga Section(2nd Time) | GM/SYA/SQ/WORKS/20/2081/082 | Rana Builders Galyang-03 Syangja | १९९९९७८ | १७३५३१६ | १.३७ |
| २१ | Extraction of River Bed Materials from Four(4) Different Ghat of Kaligandaki River of Galyang Municipality(Belchaur Ghat NimaGhat JimuwaGhat Thulo Bagar Ghat | Contract ID:GM/SYA/SQ/GHAT/21/2081/082 | Gyan Laxmi Suppliers and Builders Galyang-8 Syangja | १७९७१०३ | बढा बढ ठैक्का रकम 1807760.01 | ०.५१ प्रतिशत बढेको |
| २२ | Procurement and Suppy of Doe and Breeding Buck as per Approved specification for Galyang Municipality for F/Y 2081-82 | GM/SYA/SQ/GOODS/22/2081/082 | Mukthinath Livestock Bank Ltd. | १६८०००० | १६४५२०० | २.१० |
| २३ | Procurement and Supply of Ultra Premium Cotton Sanitary pad(Trifold) Fit in Vending Machine as per The Approved Specification For Galyang Municipality For F/Y 2081-82 | GM/SYA/SQ/GOODS/23/2081/082 | Jasmine Hygiene Products pvt.ltd | ९३३७२८ | ८५५९१७ | ८.३० |
| २४ | Construction of Plumb Concrete Drain Toilet and Miscellaneous Building Works at Sarbajanik Ma. Vi for F/y 2081/82 | GM/SYG/NCB?WORKS/25/2081-82 | | २७२४१९९ | | ९.३० |
| २५ | Construction of 15 Bed Hospital at Galyang-01Malunga | GM/SYA/WORKS/2077-78/NCB-04 | Synergy-Shankhardevi | २०११८५२५३ | ११५११५२३३ | २८.९० |
| २६ | Construction of Ward Office Building for Galyang Municipality Ward No 5 | GM/SYA/NCB/Works/16/2079/080 | Deep Darshan Builders and Suppliers | २५०१०७०१ | १७८६०८७३ | १९.१० |
| २७ | Construction of Galyang-Kurunche-Nibuwakharka-Mohandada Road. | GM/SYA/NCB/WORKS/08/2080/081 | Loyal Construction/A.T Bilders | २४३३८२८१ | १७३९७१५७ | २६.१० |

## बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -५

| पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ व | | गत आवसम्मको पेश्की | हालसम्मको जम्मा पेश्की |
|---|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | | |
| दुध संकलन केन्द्र व्यवस्थापन कार्यक्रम | अधिकृत छैठौं सुशील अर्याल | ० | ० | ६०००० | ६०००० |
| सहकारी क्षेत्र विकास कार्यक्रम | अधिकृत छैठौं दिपक प्रसाद अधिकारी | ० | ० | १००००० | १००००० |
| विविध खर्च | सहायक पाँचौं सन्तोष कोइराला | ० | ० | १००००० | १००००० |
| विपद व्यवस्थापन कोष स्थापना | अधिकृत छैठौं सुशील अर्याल | ० | ० | ५००००० | ५००००० |
| जग्गादाता सम्मान तथा शिलालेख कार्यक्रम | सहायक चौथो गंगा राम बस्याल | ० | २००००० | ० | २००००० |
| श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | रोजगार संयोजक खगेन्द्र भण्डारी भण्डारी | ० | ६०००० | ० | ६०००० |
| सवारी साधन बिमा तथा नवीकरण खर्च | सहायक पाँचौं प्रेम बहादुर राना | ५०००० | ० | ० | ५०००० |
| सवारी साधन बिमा/नविकरण/राजश्व | सहायक पाँचौं प्रेम बहादुर राना | ५००००० | ० | ० | ५००००० |
| स्थानीय तहको रोजगार रणनीति तर्जुमा | रोजगार संयोजक खगेन्द्र भण्डारी भण्डारी | १००००० | ० | ० | १००००० |
| श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | रोजगार संयोजक खगेन्द्र भण्डारी भण्डारी | ३२००० | ० | ० | ३२००० |
| स्रोत अपुग भएका कार्यक्रम भुक्तानी | सहायक चौथो राम बहादुर राना | ७०००० | ० | ० | ७०००० |
| अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप संचालन | सहायक पाँचौं गिर मान थापा | १००००० | ० | ० | १००००० |
| कृषक प्रोत्साहनका लागी कृषी यान्त्रीकिकरण कार्यक्रम | सहायक पाँचौं गिर मान थापा | २००००० | ० | ० | २००००० |
| कार्यक्रम खर्च | रोजगार संयोजक खगेन्द्र भण्डारी भण्डारी | ० | ० | ८०००० | ८०००० |
| शैक्षिक संस्थाहरूलाई सहायता | अधिकृत छैटौं हिमलाल भण्डारी | ० | ० | २४०५०० | २४०५०० |
| जिमुहा आयुर्वेदिक स्वास्थ्य केन्द्र~ गल्याङ न पा ११ मा भवन निर्माण | देवत्री सरोवर इन्जिनियरिङ्ग विल्डर्स प्रा.लि. | ० | ० | ७०००० | ७०००० |
| गल्याङ्ग निउवाखर्क मोहनडाँडा सडक सघीय साझेदारी | लोयल कन्स्ट्रक्सन ए टी विल्डर्स जे भी | ० | ० | ३४२६४२ | ३४२६४२ |
| मालुङ्गा कटुवा -बझादीगाउँ-कोट जौवारी ठुलीवारी सडकल वडा न १ निर्माण साझेदारी | सेभेन कन्स्ट्रक्सन | ० | ० | २५९३४७ | २५९३४७ |
| मालुङ्गा कटुवा-बझादी गाउँ-कोट जौवारी ठुलीबारी सडक बडा न १ निर्माण | सेभेन कन्स्ट्रक्सन | ० | ० | १३७७६५३ | १३७७६५३ |
| प्रशासकीय भवन भुक्तानी बाकी तथा थप भौतीक सरचना निर्माण कार्यक्रम | राना बिल्डर्स | ३३००२८ | ० | ० | ३३००२८ |
| पिडीखोला स्वास्थ्य चौकी स्तरउन्नति तथा उपकरण व्यवस्थापन | बोलबम कन्स्ट्रक्सन | ७७७२०० | ० | ० | ७७७२०० |
| गैर आवासीय भवन निर्माण/खरिद | दिपदर्शन विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ० | ० | २६३५००० | २६३५००० |
| सडक तथा पूल निर्माण | लोयल कन्स्ट्रक्सन ए टी विल्डर्स जे भी | ० | ० | ८५७३५८ | ८५७३५८ |
| गल्याङ बजार खानेपानी व्यवस्थापन | गल्याङ बजार खानेपानी मर्मत सम्भार व्यवस्थापन समिति | ० | ० | ३७९५४४ | ३७९५४४ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| डुम्रीचौर आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन | डुम्रिचौर आधारभुत स्वास्थ्य केन्द्र | ० | ० | ४५०००० | ४५०००० |
| विधालय कक्षाकोठा निर्माण अनुदान दुई र चार कोठे राष्टीय मा वि | श्री राष्ट्रिय माध्यामिक विद्यालय-eft | ० | ० | ८००००० | ८००००० |
| खेलकुद विकास कार्यक्रम | गल्याङ कराँते संघ | ० | ० | २५००० | २५००० |
| अपाङगता क्षमता अभिवृद्दी कार्यक्रम | गल्याङ नगरस्तरीय अपाङ्ग सन्जाल | ० | ० | ७५९०० | ७५९०० |
| गल्याङ खानेपानी | गल्याङ बजार खानेपानी मर्मत सम्भार व्यवस्थापन समिति | ० | ० | ३२७९०० | ३२७९०० |
| हिमान्चल आ वि अनुदान | श्री हिमाञ्चल आधारभूत विद्यालय-eft | ० | ० | १००००० | १००००० |
| सार्वजनिक निर्माण योजना | डुम्रिचौर आधारभुत स्वास्थ्य केन्द्र | ० | २५००० | ० | २५००० |
| वडा पुँजीगत कार्यक्रम | डुम्रिचौर आधारभुत स्वास्थ्य केन्द्र | ० | १००००० | ० | १००००० |
| गल्याङ खानेपानी योजना | गल्याङ बजार खानेपानी मर्मत सम्भार व्यवस्थापन समिति | ० | ११००००० | ० | ११००००० |
| गैर आवासीय भवन निर्माण/खरिद | श्री तुलसिभन्ज्याङ्ग साना किसान कृषि सहकारी संस्था लिमिटेड | ० | ० | २०००००० | २०००००० |
| कर्मचौर डनसा नालि निर्माण | कर्मचौर दनसा नाली निर्माण योजना उ.स. | ० | ० | २७०००० | २७०००० |
| जोगीमारा सामुदायीक भवन निर्माण योजना वडा - ५ | जोगिमारा सामुदायिक भवन | ० | ० | २००००० | २००००० |
| डुडे देखी पुरानो चौकी सम्म जाने सडक ढलान योजना वडा - ६ | डुडेदेखी पुरानो चौकीसम्म जाने सडक ढलान योजना | ० | ० | ५००००० | ५००००० |
| प्रहरी चौकी पिडिखोला व्यवस्थापन | प्रहरी चौकी पिडिखाोला व्यावस्थापन | ० | ० | १४०००० | १४०००० |
| उद्योग वाणिज्य तथा आपूर्ति प्रवद्धन कार्यक्रम | अनिष सापकोटा | ० | ० | ४५००० | ४५००० |
| शिक्षा क्षेत्र विकास कार्यक्रम | राजेन्द्र देव खनाल | ० | ० | ५३००० | ५३००० |
| आमा समुह तथा महिला शसक्तिकरण क्षमता विकास कार्यक्रम | राधा कुमारी न्यौपाने | ० | ० | २४०००० | २४०००० |
| क्षमता विकास कार्यक्रम | शिब सुबेदि | ० | ० | २५००० | २५००० |
| | जम्मा | २१५९२२८ | १४८५००० | १२२५३८४४ | १५८९८०७२ |

## सुझाव

**स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः**

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।

- प्रयोग हुने सुनिश्चत भएपछि मात्र सामाग्री खरिद गर्नुपर्दछ भने खरिद भएका सामाग्रीहरु अनिबार्यरुपमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पाम्स) मा वर्गिकरण गरेर दाखिला गर्नुपर्दछ ।
- खरिद भएका औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरणहरु विगतमा विद्युतीय लजिस्टिक व्यवस्थापन सूचना प्रमाणली (ई.एल.एम.आई.एस.) बाट ब्यबस्थापन हुनेगरेकोमा आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट ब्यबस्थापन गर्न अनियबार्य गरेकोमा ई.एल.एम.आई.एस. मा मौज्दात रहेका सबै औषधी तथा उपकरणहरु अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिम्मेबारी सार्नुपर्दछ ।

- कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानैरहने गरेकोमा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ ।

- गैरसरकारीसंस्थासँगको साझेदारीमा सञ्चालित योजनाहरुमा सम्झौता र लागत अनुमान अनुसारको एकिकृत कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही अनुपातमा पालिकाबाट भुक्तानी दिनुपर्दछ ।

- उपयोग हुने सुनिश्चित भएपछि मात्र सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) निर्माण गर्नुपर्दछ भने वेबमा आधारित सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) को सरकारी वेबसाईटबाट होस्टिङ्ग गर्ने ब्यबस्था गर्नुपर्दछ ।

- पुर्वाधार निर्माणकार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथाकार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृतगर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउने व्यवस्था गर्नुपर्दछ